मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## एसएसबी बाहिनीको स्थापना दिवस मनाइयो

**मधेशदृष्टि**
**वीरगंज ।**
एसएसबी हेडक्वाटर रक्सौलमा एसएसबी ४७वीं बाहिनीको १५औं स्थापना दिवस हर्षोल्लासपूर्वक मनाइएको छ ।
कार्यक्रमको उद्घाटन कमाण्डेन्ट संजय पाण्डेयले गरेका थिए । यस अवसरमा एसएसबी जवान तथा स्थानीय स्कूली विद्यार्थीहरूले देशभक्ति गीत, नृत्यसहित विविध सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए । खेलकुद प्रतियोगितासमेत आयोजना गरिएको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै कमाण्डेन्ट पाण्डेयले सीमाको सुरक्षा मात्र नभई सामाजिक दायित्व पूरा गर्दै ग्रामीणहरूसँग बन्धुत्व र सहयोगी सम्बन्ध कायम गर्दै आएको बताए । उनले देश र सीमाको सुरक्षा प्रत्येक नागरिकको नैतिक कर्तव्य भएको उल्लेख गरे ।

● वर्ष ३ ● अंक २७४ ● २०८२ साल भाद्र ०९ गते सोमबार ● Monday 25, August 2025 ● सूर्योदय: बिहान ५:४१ बजे ● सूर्यास्त: साँझ ६:३३ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# वीरगंजमा हैजा: १७ अस्पतालमा १६१ बिरामी, ७१ जनामा हैजा



**राजेशमान सिंह**
प्रमुख, वीरगंज महानगरपालिका

*उपचारमा महानगर सक्रिय छ*
*वीरगंज महानगरपालिका हैजा नियन्त्रणमा हरतरहले क्रियाशील छ । उसो त अहिलेसम्म मरेकामा हैजा पुष्टि भएको छैन । वीरगंजका १७ अस्पतालमा १ सय ६१ जना झाडापखालाका बिरामी आएका थिए । ७१ जनामा हैजाको लक्षण देखिएको छ । चिकित्सकले भनेअनुसार बिरामीले औषधी खानुपर्छ । पानी उमालेर पिउन सचेतना अभियान चलाएका छौँ । यसमा वीरगंज नर्सिङ क्याम्पसका विद्यार्थीहरु सक्रिय भएर गरेको काम प्रभावकारी भएको छ । ३० जनाको आइसियुमा राखेर उपचार भइरहेको छ । तर सबै खतरामुक्त छन् । सामाजिक सञ्जालमा नाला फुटेको, पाइपमा नाला मिसिएको, बोरिङका कारण यावत हल्ला गरेर दुष्प्रचार भएको छ । यो सब हल्ला मात्र हो । बिरामी जो छन्, वीरगंज महानगर बजार क्षेत्रका पनि होइनन्, ग्रामीण इलाकाका हुन् । बारा, कलैयाबाट पनि बिरामी उपचार गर्न आएका छन् । पोखरियाका पनि छन् । उपचारमा कुनै कसर बाँकी छैन । हामी सबैलाई उपचार गरिरहेका छौँ । औषधी निःल्शुल्क छ । सामाजिक सञ्जालले मच्चाएको आतंकजस्तो अवस्था होइन । धैर्य गरौँ । चिकित्सकको सम्पर्कमा बसौँ । नियमित स्वास्थ्य सावधानी अपनाऔँ । डराउनु पर्ने अवस्था छैन ।*



**डा. चुमनलाल दास**
मेडिकल सुपरिटेन्डेन्ट, नारायणी अस्पताल

*२५ वार्डको उपचार कक्ष तयारी गरौँ*
*अस्पताल भर्नाका भएका ७३ जनामध्ये ४२ जनामा परीक्षण गर्दा २५ जनामा झाडाको लक्षण देखिएको हो । आइतबार साँझसम्ममा नारायणी अस्पतालमा २९ जना बिरामी छन् । यीमध्ये कोही पनि गम्भीर प्रकृतिका छैनन् । बाँकी उपचार गरेर घर गएका छन् । उनीहरु निको भएका छन् । मृत्यु भएकाको हैजाको जाँच गरिएको थिएन । हामीकहाँ उपचार गर्न आएको र मृत्यु भइसकेकोमा हैजा प्रमाणित छैन । शरीरमा तीन प्रकारले पानी कमी हुन्छ । किटाणुबाट प्रदूषित भएको पानी र खानाबाट हैजा संक्रमण हुन्छ । पानी उमालेर पिउनु नै उत्तम उपाय हो । क्लोरिन हालेर पानी पिउँ । सामाजिक सञ्जालले बढी हल्ला गरेको छ । यसको पछि नलागौँ । रिपोर्ट आएपछि हैजाको अवस्था थप खुल्नेछ । वीरगंज नर्सिङ, महानगरको ल्याब, सरसफाइकर्मी परिचालन गरेका छौँ । दुई वटा वार्डमा २३ बेड राखेर उपचार जारी छ । औषधी निःशुल्क दिइएको छ । अरु २५ वार्डजतिको उपचार कक्ष तयार गरेर राख्न जरुरी देखिएको छ । केन्द्र र प्रदेशबाट सम्पर्क भइरहेको छ । आन्तरिक जनशक्ति परिचालन गरिएको छ । हामी हैजा नियन्त्रणमा प्रयासरत छौँ ।*

**मधेशदृष्टि**
**वीरगंज ।**
पछिल्लो ४८ घण्टामा पर्सामा फैलिएका हैजाको प्रकोप नियन्त्रणमा आउनसकेको छैन । पछिल्लो तथ्यांकअनुसार वीरगंजसहित आसपासका १७ वटा अस्पतालमा १ सय ६१ जना बिरामी उपचाररत छन् भने ७१ जनामा हैजा पुष्टि भएको छ ।
स्वास्थ्य निकायका अनुसार हैजा नियन्त्रणका लागि प्रभावित क्षेत्रमा स्वास्थ्य टोली परिचालन गरिएको छ भने सुरक्षित खानेपानी र सरसफाइमा ध्यान दिन स्थानीयलाई आग्रह गरिएको छ । वीरगंज महानगरपालिकाको स्वास्थ्य तथा सामाजिक विकास महाशाखाका अधिकृत राजु साहले स्वास्थ्य मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखामार्फत वीरगंजका अधिकांश अस्पतालमा पनि किट वितरण गरिएको जानकारी दिए । शनिबार महानगरले महानगरपालिकाभित्र सञ्चालित अस्पतालका सञ्चालकहरूसँग बैठक बस्दै सङ्क्रमण नियन्त्रणमा थप सतर्कता अपनाउन आग्रह गरेको थियो ।
आइतबार महानगरका कर्मचारीको बैठक बसेर जोखिमयुक्त क्षेत्र मानिएका १ देखि १६ वडा क्षेत्रमा घर–घरमै पुगेर सचेतना फैलाउने, सरसफाइमा जोड दिने र उपचारमा ल्याउने कार्य भइरहेको वीरगंज महानगरपालिकाले जनाएको छ । नारायणी अस्पतालका सूचना अधिकारी डा. उदयनारायण सिंहका अनुसार हैजा रोगका प्रमुख लक्षणमा निरन्तर झाडापखाला, बान्ता, पेट दुख्ने, ज्वरो आउने, आँखा गाडिने, मांसपेशी दुख्ने र शरीरमा पानीको कमी (डिहाइड्रेसन) हुने छन् । उनका अनुसार समयमै उपचार नभए रोगले मृत्युसम्म पु¥याउन सक्छ । त्यसैगरी वीरगंज महानगरपालिकाले हैजा समुदायस्तरमा नै पुगेको जनाउँदै अझ फैलिन नदिन सबै विद्यालयको पठनपाठन आइतबार र सोमबारका लागि बन्द गरेको छ । महानगर क्षेत्रभित्र पानी पुरी, चाट, भाजा लगायतका खुला स्थानमा सडक छेऊमा बिक्री हुने खाद्यवस्तुको बिक्री वितरण नगर्न सबैलाई अनुरोध गरेको छ ।

## कहाँ कति बिरामी भर्ना र हैजा भेटियो ?

| क्र.स. | अस्पताल | बिरामी भर्ना | उपचाररत | मृत्यु अवस्था | कोलेरा पोजेटिभ |
|---|---|---|---|---|---|
| १. | नारायणी अस्पताल | | ६५ | | २६ |
| २. | तराई अस्पताल | २९ | ३५ | | २५ |
| ३. | भवानी अस्पताल | | ३ | | ३ |
| ४. | वीरगंज हेल्थ केयर | | १४ | | २ |
| ५. | अर्ली अर्थो अस्पताल | | २ | | २ |
| ६. | नेशनल मेडिकल कलेज | ३४ | १४ | | ९ |
| ७. | एडभान्स अस्पताल | २४ | १५ | | |
| ८. | सूर्या अस्पताल | | १ | | |
| ९. | मेडिसिटी बयोधा | १ | | | |
| १०. | गण्डक अस्पताल | २ | | | |
| ११. | स्पर्ष | २ | | | |
| १२. | सर्वोत्तम | | ४ | | |
| १३. | आशाराम | | २ | | |
| १४. | प्रभु हस्पिटल | | ४ | | |
| १५. | नीलकण्ठ | | ३ | | |
| १६. | मंगलम | | | | २ |
| १७. | नारायणी सेन्ट्रल | | | | २ |
| जम्मा | | ९२ | १६१ | | ७१ |

*स्रोतः वीरगंज महानगरपालिका हेल्पडेस्क*

## दुई मन्त्रीबीच छलफल



खानेपानीमन्त्री प्रदीप यादव र स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलबीच वीरगंजमा देखिएको हैजा सङ्क्रमण नियन्त्रण तथा रोकथामका विषयमा छलफल भएको छ । मन्त्री यादवले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा मन्त्री पौडेलसँग भेट गरी वीरगंजमा देखिएको हैजा सङ्क्रमणका सम्बन्धमा छलफल गरेको खानेपानी मन्त्रालयका सहसचिव कमलराज श्रेष्ठले बताए ।
छलफलमा वीरगंजका प्रभावित क्षेत्रमा कोलेरा कीट तत्काल व्यवस्था गर्ने, लक्षणको आधारमा सङ्क्रमितलाई तुरुन्त उपचार उपलब्ध गराउने, निजी अस्पतालमा निःशुल्क परीक्षणको व्यवस्था गर्ने र आवश्यक जनशक्ति परिचालन गर्ने सहमति भएको उनले बताए ।
उनले भने, 'हैजा नियन्त्रणका लागि केन्द्र र स्थानीय तहबीच समन्वय गरी आवश्यक कदम चाल्ने सहमति भएको छ ।' वीरगंज महानगरपालिकाका विभिन्न वडा र टोलमा देखापरेको हैजा सङ्क्रमण नियन्त्रण गर्न मन्त्रालयले सक्दो प्रयास गरिरहेको सहसचिव श्रेष्ठले बताए । उनले भने, 'वीरगंजमा फैलिरहेको हैजा नियन्त्रणका लागि हामी पूर्णरूपमा सक्रिय छौँ । यस कार्यमा सम्पूर्ण सरोकारवाला निकाय, नागरिक समाज र स्थानीय समुदायको सहकार्य अपरिहार्य छ ।'

- **प्रदेशको टोली परिचालन**

मधेश प्रदेश सरकारले हैजाको महामारी फैलिएको वीरगंजमा बिरामीको उपचारका लागि आवश्यक औषधी र सामग्री नारायणी अस्पतालमा पठाएको छ । मधेश प्रदेशको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट आइतबार वीरगंज आएका स्वास्थ्य महाशाखा प्रमुख डा. विपनकुमार झा र जनस्वास्थ्य अधिकृत सन्तोष ठाकुरले नारायणी अस्पतालका मेसु डा. चुमनलाल दासलाई ती औषधी र सामग्री हस्तान्तरण गरे । मुख्यमन्त्री सतिश कुमार सिंहको निर्देशन र प्रदेश सरकारका स्वास्थ्य तथा जनसंख्यामन्त्री सत्रुघन प्रसाद सिंहको पहलमा झाडापखाला र हैजाका बिरामीको उपचारमा आवश्यक पर्ने १७ प्रकारका औषधी र सामग्री स्वास्थ्य कार्यालय पर्सामार्फत नारायणी अस्पताललाई प्रदान गरिएको मन्त्रालयका जनस्वास्थ्य अधिकृत ठाकुरले बताए ।
स्वास्थ्य कार्यालय पर्साका निमित्त प्रमुख विनोद झाले दिनहुँ झाडापखाला र हैजाका बिरामी थपिँदै गएको बताए । महामारी रोकथाम र नियन्त्रणका लागि स्वास्थ्य कार्यालय पर्साले स्थानीय तहसँग समन्वय गरेर काम गरिरहेको छ ।

- **स्वास्थ्यकर्मीको बिदा रद्द**

नारायणी अस्पतालले सूचना जारी गर्दै अस्पतालमा कार्यरत सबै चिकित्सक र स्वास्थ्यकर्मीको बिदा रद्द गरेको छ । सूचनामा, हैजा महामारीको प्रकोप फैलिएकाले बिदामा रहेका कर्मचारीलाई तत्काल हाजिर हुन समेत निर्देशन दिइएको छ । मन्त्रालयका जनस्वास्थ्य अधिकृत सन्तोष ठाकुरले महामारी नियन्त्रणका लागि प्रदेश सरकार पूर्णरूपमा प्रतिबद्ध रहेको बताए । उनले बिरामीको उपचारका लागि थप औषधी र सामग्री उपलब्ध गराउन तयार रहेको पनि जानकारी दिए ।

- **खानेपानी परीक्षण**

शुक्रबार हैजा रोग पुष्टि भएको वीरगंज महानगरपालिकाको हैजा प्रभावित क्षेत्रमा खानेपानी परीक्षण तथा शुद्धीकरणको कार्य तीव्र रुपमा अगाडि बढाइएको छ । हैजा प्रभावित क्षेत्रमा खानेपानी तथा ढल व्यवस्थापन विभागबाट पानी परीक्षणका लागि मोबाइल भ्यानसहितको टोली परिचालन गरिएको र टोलीले अहिले तीव्र रुपमा पानी परीक्षणको कार्य अगाडि बढाएको खानेपानी मन्त्री प्रदीप यादवले जानकारी दिए ।

- **प्रभावकारी कदम चाल्न आग्रह**

जनता समाजवादी पार्टी (जसपा) नेपालले वीरगंज महानगरपालिकामा फैलिएको हैजाको संक्रमण नियन्त्रणका लागि तत्काल प्रभावकारी कदम चाल्न सरकारलाई आग्रह गरेको छ । विज्ञप्ति निकालेर पार्टीका महासचिव लालबाबु राउतले संक्रमित क्षेत्रका नागरिकलाई तुरुन्त उपचारको व्यवस्था मिलाउन संघीय सरकार, प्रदेश सरकार र वीरगंज महानगरपालिकाको ध्यानाकर्षण गराएका छन् । विज्ञप्तिमा वीरगंजको अस्पतालमा आवश्यक संख्यामा डाक्टर, स्वास्थ्यकर्मी तथा औषधी उपलब्ध गराउनुपर्ने र संक्रमण नियन्त्रणमा स्थानीय प्रशासन, जनप्रतिनिधि, उद्योगी–व्यापारी, समाजसेवी र सर्वसाधारण सबैले सहकार्य गर्नुपर्ने उल्लेख छ । जसपाले हैजा नियन्त्रणका लागि आवश्यक सावधानी अपनाउन सम्पूर्ण जनसमुदायलाई अपिल गरेको छ ।

- **सेना, सशस्त्र परिचालन गर्न निर्देशन**

केन्द्रीय सुरक्षा समितिको बैठकले पर्साको वीरगंजमा फैलिएको हैजा नियन्त्रणका साथै प्रभावितको उपचारको व्यवस्थाका लागि चिकित्सक टोली परिचालन गर्ने निर्णय गरेको छ । गृहमन्त्री रमेश लेखकको अध्यक्षतामा भएको बैठकले यस्तो निर्णय गरेको गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले जानकारी दिए । गृहमन्त्रीले नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बललाई हैजा नियन्त्रणमा परिचालन हुने टोलीको प्रबन्ध मिलाउन निर्देशन पनि दिए । गृहसचिव गोकर्णमणि दुवाडीसहित सुरक्षा निकायका प्रमुख सहभागी बैठकमा मुलुकको शान्तिसुरक्षाको समीक्षा भएको थियो ।

# एसपी सिलवालमाथि छानबिन शुरु

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका ८ जिल्लाको ट्राफिक व्यवस्थापनमा खटिएको राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैया, बाराका प्रमुख प्रहरी उपरीक्षक (एसपी) राजकुमार सिलवालको असुली धन्दाबारे मधेश प्रदेश प्रहरीले छानबिन शुरु गरेको छ । मधेशदृष्टि दैनिकले शुक्रबार उनीबारे विस्तृतमा समाचार छापेको थियो । सिलवालले सर्वसाधारणलाई दुःख दिएर खुलेयाम असुली धन्दा चलाएको ३५ वटा उजुरी प्रदेश प्रहरी कार्यालयमा दर्ज भएपछि सिलवाल छानबिनको दायरामा आएका हुन् ।
मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरले वरिष्ठ प्रहरी उपरीक्षक कमल थापाको नेतृत्वमा छानबिन समिति बनाएर सिलवालमाथि छानबिनको डण्डा चलाउन थालेको हो । देशको प्रमुख नाका मानिने पूर्व पश्चिम राजमार्ग, बागमती प्रदेशको राजधानी हेटौँडा, आर्थिक नगरी वीरगंज, मधेश प्रदेशको राजधानी जनकपुरसँगै पूर्वपश्चिम यातायात व्यवस्थापनको इपिसेन्टर पथलैयामा ट्राफिक प्रमुखले नै बदमासी गरेर प्रहरी संगठनको बदनाम हुने अवस्था बनेपछि सिलवालमाथि छानबिन शुरु भएको हो । आइतबार ससाना दर्जाका प्रहरी कर्मचारी बोलाएर प्रदेश प्रहरीले बयान लिएको छ । प्रहरी उपरीक्षक जोडिएका विभिन्न घटनाका बेला खटिएका जुनियर कर्मचारीसँग प्रदेश प्रहरी कार्यालयले छानबिन शुरु गरेको हो । उनीमाथि चोरीका सवारीसाधन स्कारपियो भन्सारमा नबुझाई व्यक्तिगत रूपमा प्रयोग गरिरहेको आरोप छ । भदौ ११ गतेपछि सिलवालसँग बयान लिइने तयारी स्वरुप जुनियर अधिकृतहरुबाट उनीबारे सोधपुछ शुरु भएको हो ।
यस्तै, आर्थिक प्रलोभनमा परी सिलवालले राजमार्गमा ओभरलोड ट्रकलाई संरक्षण दिएको आरोप



लागेपछि राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय, पथलैयालाई 'बाइपास' गर्दै जिल्ला प्रहरी कार्यालय, बाराले ५२ वटा ओभरलोड ट्रक नियन्त्रणमा लिएको छ । मधेश प्रदेश प्रहरी प्रमुखको प्रत्यक्ष निर्देशनमा ट्राफिक प्रहरीको भूमिकामाथि नै प्रश्न उठाउँदै जिल्ला प्रहरी आफैँ कारबाहीमा उत्रिएको हो । प्रहरी नायब महानिरीक्षक (डिआइजी) उमा चर्तुवेदीले पथलैयास्थित ट्राफिक प्रहरी कार्यालयले ओभरलोड नियन्त्रण गर्न पटक–पटक दिएको निर्देशन अटेर गरेपछि जिल्ला प्रहरी कार्यालय, बारालाई सिधै कारबाही गर्न आदेश दिइएको बताए । लामो समयदेखि नेपाली ट्रक व्यवसायीले पथलैया ट्राफिक कार्यालयले आर्थिक लाभ लिएर भारतीय ओभरलोड ट्रकलाई संरक्षण दिइरहेको आरोप लगाउँदै आएका थिए । तराई ट्रक व्यवसायी संघका अध्यक्ष ओमबहादुर कार्कीले यस विषयमा गृहमन्त्री र प्रहरी महानिरीक्षकसम्मलाई ज्ञापनपत्र बुझाएको बताए । प्रहरी प्रधान कार्यालयले साउन ४ गते नै ओभरलोड नियन्त्रण गर्न परिपत्र जारी गरेको थियो । तर सिलवालले यसलाई बेवास्ता गर्दै आएका थिए ।

# चार खर्ब नौ अर्ब शोधनान्तर र पाँच खर्ब ९४ अर्ब बचत

**मधेशदृष्टि**
**काठमाडौँ ।**
आर्थिक वर्ष २०८१–८२ मा आर्थिक तथा वित्तीय सूचकहरूमा उल्लेख्य सुधार देखिएको छ । नेपाल राष्ट्र बैंकले आइतबार सार्वजनिक गरेको गत आवको वार्षिक तथ्याङ्कमा आधारित मुलुकको आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार अर्थतन्त्रका आन्तरिक र बाह्य दुवै सूचकमा सुधार हुँदै गएको देखिएको हो । प्रतिवेदनअनुसार गत आवमा सरकारको चालु खाता चार खर्ब नौ अर्ब २० करोड रुपैयाँले बचतमा रहेको छ । आव २०८०–८१ मा चालु खाता दुई खर्ब २१ अर्ब ७१ करोड रुपैयाँले बचतमा थियो ।
गत आवमा शोधनान्तर स्थिति पाँच खर्ब ९४ अर्ब ५४ करोड रुपैयाँले बचतमा छ । आव २०८०–८१ मा शोधनान्तर स्थिति पाँच खर्ब दुई अर्ब अर्ब ४९ करोड रुपैयाँले बचतमा थियो । गत आवमा खुद पुँजीगत ट्रान्सफर नौ अर्ब ८४ करोड रुपैयाँ छ भने प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) १२ अर्ब दुई करोड रुपैयाँ बराबर भित्रिएको राष्ट्र बैंकले जनाएको छ ।
गत आवमा आर्थिक वृद्धि चार दशमलव ६१ प्रतिशत रहेको अनुमान छ । जसमध्ये कृषि क्षेत्रको वृद्धि तीन दशमलव २८, उद्योग क्षेत्रको चार दशमलव ५३ र सेवा क्षेत्रको वृद्धि चार दशमलव २१ प्रतिशत रहेको अनुमान छ । गत आवको कूल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको अंश क्रमशः २५ दशमलव १६, १२ दशमलव ८३ र ६२ दशमलव शून्य एक प्रतिशत रहेको राष्ट्र बैंकले जनाएको छ । त्यस्तै, गत आवमा कूल गार्हस्थ्य बचत कूल गार्हस्थ्य उत्पादनको छ दशमलव ५५ प्रतिशत रहेको छ । कूल स्थिर पुँजी निर्माण र कूल राष्ट्रिय बचतको कूल गार्हस्थ्य उत्पादनसँगको अनुपात क्रमशः २४ दशमलव शून्य सात र ३६ दशमलव २४ प्रतिशत रहेको छ । गत आवमा कूल विद्युत्को जडित क्षमता वृद्धि भई तीन हजार ५ सय ९१ मेगावाट पुगेको छ । जडित क्षमतामध्ये जलविद्युत् तीन हजार ३ सय ९० मेगावाट रहेको छ । त्यस्तै, कूल पर्यटक आगमन एक दशमलव सात प्रतिशतले वृद्धि भई ११ लाख ४७ हजार ८ सय ३४ जना पुगेको छ । राष्ट्र बैंकको प्रतिवेदनअनुसार २०८१ असार मसान्तको तुलनामा २०८२ असार मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ दुई दशमलव ६६ प्रतिशतले अवमूल्यन भएको छ ।

# जसपाका दुई मन्त्री फेरबदल गर्ने प्रस्ताव प्रधानमन्त्री कार्यालयमा

**मधेशदृष्टि**
**काठमाडौं ।**
जनता समाजवादी पार्टीले सरकारमा सहभागी दुई मन्त्रीहरू फेरबदल गर्ने प्रस्ताव प्रधानमन्त्री कार्यालयमा पठाएको छ । अध्यक्ष अशोक राईले प्रधानमन्त्री केपी शर्मा ओलीलाई पार्टीको निर्णय भन्दै पत्र पठाएका थिए । तर, प्रधानमन्त्रीले त्यसअनुसार मन्त्रिपरिषद् पुनर्गठन भने गरेका छैनन् । मन्त्री नफेरेपछि जसपाले प्रधानमन्त्रीसँग ताकेता गर्न थालेको छ । जसपाले खानेपानीमन्त्री प्रदीप यादवको स्थानमा डा. वीरेन्द्र महतो र महिला बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह सुडीको ठाउँमा रञ्जु झालाई पठाउनेगरी निर्णय गरेको हो । शनिबार बसेको पार्टीको बैठकमा फेरि यो कुरा उठेको हो । बैठक स्रोतका अनुसार शनिबार बैठकमा मन्त्रीहरूलाई राजीनामा दिन भनिएको छ । पार्टीभित्रको सहमति अनुसार गत वैशाखमै उनीहरूको एक वर्षे समयावधि सकिएको र त्यसपछि बजेटसम्म पर्खिने भन्दै उनीहरू पदमै रहेको विषयमा कुराकानी भएको थियो । बजेट पास भएपछि पनि उनीहरूले पद नछाडेकोले शनिबारको बैठकमा उनीहरूलाई छोड्न पुनः ताकेता गरिएको हो । मन्त्री बन्ने सूचीमा रहेका जसपा नेपालका नेता डा. वीरेन्द्र महतोका अनुसार सरकारमा सहभागी हुने बेलामै पार्टीमा एक वर्षमा मन्त्री फेरबदल गर्ने भन्ने सहमति थियो । त्यही सहमति अनुसार अहिले समयावधि पुगेकाले फेर्न लागिएको उहाको भनाइ छ ।

महिलामन्त्री नवलकिशोर साह सुडीले आफूहरूलाई बदल्नेबारे कुनै जानकारी नआएको बताउनुभयो । सत्तारुढ दल नेकपा एमाले र नेपाली कांग्रेसकै पनि मन्त्रीहरू फेरबदलको चर्चा चलिरहेको छ ।

# ‘न्याय र समानताको लागि आफ्नै नेतृत्व रोज्नु अनिवार्य छ’

**मधेशदृष्टि**
**महोत्तरी ।**
संघीय गणतान्त्रिक गठबन्धनद्वारा आयोजित जनजागरण अभियानअन्तर्गत रैली तथा अन्तरक्रिया सभा कार्यक्रम सम्पन्न भएको छ । जिल्ला समन्वय समितिको हलबाट शुरु भएको रैलीले नगर परिक्रमा गरी पुनः जिल्ला विकासको हलमा पुगेर अन्तरक्रिया र सभा सम्पन्न भएको हो । रैलीमा गठबन्धनका शीर्षस्थ नेताहरू, पार्टी अध्यक्ष, केन्द्रीय पदाधिकारी, नेता तथा हजारौं कार्यकर्ताको उपस्थिति रहेको थियो । सहभागीले ‘एक मधेश, एक प्रदेश’, ‘मधेशी तथा उत्पीडित जनताको अधिकार सुनिश्चित गर’, ‘मदरसा विधेयक पारित गर’, ‘ओबिसी आयोग तथा निषाद आयोग गठन गर’, ‘पूर्ण समानुपातिक निर्वाचन प्रणाली लागू गर’, ‘उर्दु विश्वविद्यालय स्थापना गर’, ‘भ्रष्टाचारीहरूलाई कारबाही गर’ जस्ता नाराहरू लगाएका थिए । रैलीको समापनपछि आयोजित सभामा प्रमुख अतिथिका रूपमा नेपाल संघीय समाजवादी पार्टीका अध्यक्ष तथा पूर्वगृह राज्यमन्त्री गठबन्धनका संयोजक मो.रिजवान अन्सारी उपस्थित थिए । विशिष्ट अतिथिहरूमा पार्टीका केन्द्रीय अध्यक्ष, बहुजन एकता पार्टीका कार्यवाहक अध्यक्ष राजाराम पासवान, नेपाल सद्भावना पार्टीका रामकुमार महतो, नेपाल जनजागृति पार्टीका केन्द्रीय अध्यक्ष धुपलाल निषाद र मधेश प्रदेशका पूर्वगृह, कानुन तथा सञ्चार मन्त्री, प्रदेश सभा सदस्य बिमला अन्सारी लगायत उपस्थित थिए । कार्यक्रममा नेपाल संघीय समाजवादी पार्टीका अध्यक्ष अन्सारीले उत्पीडित जनताको मुक्ति, समानता र सामाजिक न्यायको आन्दोलन, पहिचानको आन्दोलन, अधिकार सम्पन्न प्रदेशहरूको आन्दोलन र भ्रष्टाचारको अन्त्यका लागि आन्दोलन अझ सशक्त हुन आवश्यक रहेको बताएका थिए । ‘राज्यको एकल जातीय चिन्तन, साम्प्रदायिक मानसिकता र निरंकुश शैली, साथै वर्तमान राजनीतिक नेतृत्वको अकर्मता र सत्तालिप्सा उत्पीडित जनता र मधेशी जनताको मुक्ति आन्दोलनमा बाधक बनेका छन् । अब यो आन्दोलनलाई इमान्दार राजनीतिक शक्तिहरूले पुनर्गठित गरी तेस्रो जनआन्दोलनको रूपमा अघि बढाउनु अनिवार्य छ,’ उनले भने । उनले प्रधानमन्त्री केपी शर्मा ओलीले लिपुलेक–कालापानी जस्ता राष्ट्रिय स्वाभिमानसँग जोडिएका विषयमा देशको पक्ष कडाइका साथ राख्नुपर्नेमा जोड दिए । २०७३ साल चैत ७ गते रौतहटको गौरमा घटित राजनीतिक विवाद र भिडन्तको छानबिन सम्बन्धमा सर्वोच्च अदालतले २ भाद्र २ गते प्रमादेश जारी गरेको छ । अन्सारीले भने, ‘छानबिन निष्पक्ष, पारदर्शी र कानुनसम्मत हुनुपर्छ। दोषी जोसुकै भए पनि कानुनी दायरामा ल्याउनुपर्छ। न्याय नपाएसम्म पीडितको पीडा शान्त हुने छैन। यदि यस घटनालाई राजनीतिक प्रतिशोधको माध्यम बनाइयो भने हाम्रो घोर विरोध हुनेछ ।’ कार्यक्रमका अन्य वक्ताहरूले मधेशी तथा उत्पीडित समुदायको हकहितमा सशक्त सन्देश दिए । बहुजन एकता पार्टीका कार्यवाहक अध्यक्ष राजाराम पासवानले भने, ‘यदि संघीय गणतान्त्रिक गठबन्धन मार्फत दलित, मुस्लिम, निषाद, पिछडा वर्ग र आर्थिक रूपमा पछि परेका समुदायहरू एकजुट भए भने सत्ताको हरेक स्तरमा हाम्रो उपस्थितिलाई सुनिश्चित गर्न सकिन्छ । अब दलित, मुस्लिम, महिलाहरू, निसाद र पिछडा वर्गले आफ्नो मुक्तिको लागि एकजुट भई संघर्ष गर्नुपर्ने बेला आएको छ ।’ नेपाल सद्भावना पार्टीका रामकुमार महतोले वर्तमान मधेशी नेतृत्वको असक्षम र अपारदर्शी चरित्रको आलोचना गर्दै भने, ‘मधेशी जनताले आफ्नो वास्तविक नेतृत्व रोज्नुपर्छ । कथित मधेशी नेताहरूले जनताको भरोसा तोडेका छन्, अब हामीले इमान्दार र समर्पित नेतृत्वको खोजी गर्नुपर्छ ।’ नेपाल जनजागृति पार्टीका अध्यक्ष ध्रुवलाल निषादले निषाद समुदायको समानुपातिक प्रतिनिधित्व र सामूहिक संघर्षको आवश्यकता औंल्याउँदै भने, ‘हामी सबै एकजुट भएर हातमा हात, काँधमा काँध मिलाएर अगाडि बढ्न आवश्यक छ ।’ मधेशका पूर्वगृह, सञ्चार तथा कानुनमन्त्री बिमला अन्सारीले मुस्लिम, दलित, निषाद र पिछडा वर्गलाई राज्यले सदैव पछाडि पारेको गुनासो गरिन् । उनले भनिन्, ‘अब न्याय र समानताको लागि आफ्नै नेतृत्व रोज्नु अनिवार्य छ ।’

चन्द्रकला हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा. लि. को प्रारम्भिक वातावरणीय परिक्षण प्रतिबेदन तयारी सम्बन्धि

## सार्वजनिक सुनुवाई कार्यक्रमको सुचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०५/०९ गते सोमबार**

मधेश प्रदेश, धनुषा जिल्ला, जनकपुरधाम उप- महानगरपालिका वडा नं ७, स्थित चन्द्रकला हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा. लि., द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ।

**प्रस्तावको नाम र ठेगाना :** चन्द्रकला हस्पिटल एण्ड रिसर्च सेन्टर, जनकपुरधाम उ.म.न.पा., वडा नं ७, धनुषा

**सम्पर्क नं :** ९८०१६७४८७४

**प्रस्तावको व्यहोरा :** विभिन्न रोगहरु सम्बन्धि बिरामीहरुको स्वास्थ्य उपचारको लागि विशेषज्ञ चिकित्सा सेवा सहित ५० शैया क्षमतामा चन्द्रकला हस्पिटल एण्ड रिसर्च सेन्टर संचालन गर्ने।

**प्रभाव पार्न सक्ने जिल्ला/ नगरपालिका :** धनुषा जिल्ला, जनकपुरधाम उप- महानगरपालिका वडा नं ७

माथि उल्लेखित ५० शैया क्षमतामा अस्पताल संचालन प्रस्तावको वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ ले गरेको व्यबस्था अनुरुप प्रारम्भिक वातावरणीय परिक्षण गर्ने क्रममा वातावरणीय अध्ययन प्रतिबेदन तयारीको लागि सार्वजनिक सुनुवाई गर्नुपर्ने भएकोले प्रस्तावित आयोजना रहने धनुषा जिल्ला, जनकपुरधाम उप- महानगरपालिका वडा नं ७ तथा त्यस क्षेत्रका बिधालय, सार्वजनिक स्थल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले तल उल्लेखित मिति, समय र स्थानमा उपस्थित भइ आफ्नो अमुल्य राय, सुझाव तथा प्रतिक्रियाहरु दिनको लागि हार्दिक अनुरोध गर्दछौं।

**सार्वजनिक सुनुवाई कार्यक्रम विवरण :**

**मिति : २०८२ साल भाद्र १२ गते बिहिबार**

**स्थान : जनकपुरधाम उप- महानगरपालिका ७, स्थित चन्द्रकला हस्पिटल एण्ड रिसर्च सेन्टरको प्रांगण**

**समय : बिहान ९ : ०० बजे**

नव जीवन हस्पिटल प्रा. लि. को प्रारम्भिक वातावरणीय परिक्षण प्रतिबेदन तयारी सम्बन्धि

## सार्वजनिक सुनुवाई कार्यक्रमको सुचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०५/०९ गते सोमबार**

मधेश प्रदेश, धनुषा जिल्ला, जनकपुरधाम उप- महानगरपालिका वडा नं ९, स्थित नव जीवन हस्पिटल प्रा. लि., द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ।

**प्रस्तावको नाम र ठेगाना :** नव जीवन हस्पिटल, जनकपुरधाम उ.म.न.पा., वडा नं ९, धनुषा

**सम्पर्क नं :** ०४१-५२०६६१, ९८०१६६७८८४

**प्रस्तावको व्यहोरा :** विभिन्न रोगहरु सम्बन्धि बिरामीहरुको स्वास्थ्य उपचारको लागि विशेषज्ञ चिकित्सा सेवा सहित ५० शैया क्षमतामा नव जीवन हस्पिटल संचालन गर्ने।

**प्रभाव पार्न सक्ने जिल्ला/ नगरपालिका :** धनुषा जिल्ला, जनकपुरधाम उप- महानगरपालिका वडा नं ९

माथि उल्लेखित ५० शैया क्षमतामा अस्पताल संचालन प्रस्तावको वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ ले गरेको व्यबस्था अनुरुप प्रारम्भिक वातावरणीय परिक्षण गर्ने क्रममा वातावरणीय अध्ययन प्रतिबेदन तयारीको लागि सार्वजनिक सुनुवाई गर्नुपर्ने भएकोले प्रस्तावित आयोजना रहने धनुषा जिल्ला, जनकपुरधाम उप- महानगरपालिका वडा नं ९ तथा त्यस क्षेत्रका बिधालय, सार्वजनिक स्थल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले तल उल्लेखित मिति, समय र स्थानमा उपस्थित भइ आफ्नो अमुल्य राय, सुझाव तथा प्रतिक्रियाहरु दिनको लागि हार्दिक अनुरोध गर्दछौं।

**सार्वजनिक सुनुवाई कार्यक्रम विवरण :**

**मिति : २०८२ साल भाद्र १२ गते बिहिबार**

**स्थान : जनकपुरधाम उप- महानगरपालिका ९, स्थित नव जीवन हस्पिटलको प्रांगण**

**समय : बिहान ९ : ०० बजे**

# मधेशका २५ पालिकामा कृषि तथा पशुपंक्षी उपचार केन्द्र निर्माण हुँदै

**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशका १३६ पालिकामध्ये २५ वटामा कृषि तथा पशुपंक्षी उपचार केन्द्र निर्माण गर्न लागिएको छ । सङ्घीय सरकारको कृषि तथा पशुपक्षी विकास मन्त्रालयद्वारा ७५ करोडको लागतमा प्रदेशका २५ पालिकामा भूकम्प प्रतिरोधात्मक, सुविधा सम्पन्न कृषि तथा पशुपक्षी उपचार तथा परीक्षण केन्द्रको भवन निर्माण भइरहेको हो । विश्व बैंकको ऋण सहयोगमा सो मन्त्रालयको ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजनाअन्तर्गत आर्थिक करिडोरको कार्यालय बर्दिबासले २५ वटा पालिकामा भवन निर्माण गरिरहेको हो । आयोजना कार्यालयका अनुसार एउटा भवन निर्माणमा करिब तीन करोडदेखि पाँच करोड खर्च हुने अनुमान गरिएको छ । कृषिको माटो परीक्षण, पशुको रोगसम्बन्धी अनुसन्धान तथा पशुमा लाग्ने विभिन्न रोगको उपचार, पशुको गोबर तथा दूधजन्य पदार्थको परीक्षण गर्ने उद्देश्यले अत्याधुनिक उपकरण सहित ल्याब स्थापना गरेर सो केन्द्रबाट सेवा दिने उद्देश्य रहेको कार्यालय प्रमुख राजेश साहले जानकारी दिए ।

# रहिनन् नेतृ श्रेष्ठ

**मधेशदृष्टि**
**सप्तरी ।**
काँग्रेस नेतृ पुष्पादेवी श्रेष्ठको निधन भएको छ । राजविराज–५ निवासी ८१ वर्षीया श्रेष्ठको आइतवार विहान आफ्नै निवासमा निधन भएको हो । उनी केही समय यता अस्वस्थ रहँदै आएकी थिइन् । २०३६ सालमा सम्पन्न जनमत संग्रहमा बहुदलीय व्यवस्थाको पक्षमा सकृय भइ लागेकी उनी प्रजातन्त्र पुर्नस्थापना पश्चात् गठित नेपाली काँग्रेसको भातृ संगठन नेपाल महिला संघ सप्तरीकी प्रथम सभापति समेत भएकी थिइन् । उनलाई अन्तिम विदाइ र श्रद्धाञ्जली व्यक्त गर्न स्थानीय नेता÷कार्यकर्ता र शुभेच्छुकको निवास स्थलमा भीड लागेको थियो ।

उनको निवासमा काँग्रेसका महासमिती सदस्य शुशिल सेवा, प्रदेश २ ख का उपसभापति विजय साह, युवा नेता एवम् नेपाल मुस्लिम महासंघका महासचिव इरसाद अन्सारी, काँग्रेसका वडा सभापति श्याम शर्मा, समिर झा, राजकुमार चौधरी, काँग्रेसका नेता सतिष झालगायतकाले पार्टीको झण्डा ओढाएर सम्मान र श्रद्धाञ्जली अर्पण गरेका थिए । सो अवसरमा नेपाल परिवार नियोजन संघका पूर्वसभापति विन्देश्वर प्रसाद साह, नेपाल खेलकुद पत्रकार मञ्चका अध्यक्ष मनोज कुमार माझी, फुटवल संघ सप्तरीका अध्यक्ष राजकुमार परियार, प्रशिक्षक उमेश गुरुङ, रमेश श्रेष्ठ, नेपाल सहकारी संस्थाका अध्यक्ष शत्रुघन प्रसाद गुप्ता लगायतले पनि अन्तिम श्रद्धाञ्जली अर्पण गरे । श्रद्धाञ्जलीपश्चात् उनको पार्थिव शरीर कोशी नहरको घाटमा पु¥याइएको थियो । जहाँ जेठा छोरा संजय जोशीले दागवत्ती दिए । यसैबीच नेपाली काँग्रेस सप्तरीले आइतवार नै शोक वक्तव्य जारी गर्दै उनको निधनप्रति गहिरो दुःख तथा समवेदना प्रकट गरेको छ । सचिव सनत मण्डलद्वारा जारी शोक वक्तव्यमा उनको निधनले पार्टीलाई अपुरणीय क्षती पुगेको उल्लेख गरिएको छ ।

# रास्वपाको क्षेत्रीय समिति पुर्नगठन

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको क्षेत्र नम्बर ४ मा राष्ट्रि स्वतन्त्र पार्टी (रास्वपा) को क्षेत्रीय कार्यसमिति पुर्नगठन गरिएको छ । ठोरीमा सम्पन्न क्षेत्रीय भेलाले जितेन्द्र मिश्रको सभापतित्वमा क्षेत्रीय समिति पुर्नगठन गरेको रास्वपाका केन्द्रिय सदस्य डा. नन्दन यादवले जानकारी दिए । पुर्नगठित समितिको उपसभापतिमा प्रवेज अहमद, सचिवमा सुमन परियार तथा सदस्यहरुमा विक्की यादव, दिपेन्द्र दास तत्वा, अमलेस प्रजापति लगायतका रहेका छन् । यस्तै रास्वपाको ठोरी गाउँपालिकाको गाँउपालिका कार्यसमिति पनि पुर्नगठन भएको छ । माधव बस्नेतको नेतृत्वमा ठोरी गाउँपालिका समिति पुर्नगठन गरिएको केन्द्रिय सदस्य डा. यादवले बताए ।



# जनकपुरधाममा ‘ह्यापिनेस कोर्स’ सम्पन्न

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
आर्ट अफ लिभिङ, जनकपुरधामको आयोजनामा चार दिने ‘ह्यापिनेस कोर्स’ सम्पन्न भएको छ । रोगमुक्त शरीर, तनावमुक्त मन र हिंसामुक्त समाज निर्माण गर्ने उद्देश्यसहित सञ्चालन गरिएको उक्त कोर्समा विभिन्न पेशा र क्षेत्रका ४५ जना सहभागी भएका थिए । भदौ ४ गतेदेखि शनिबारसम्म चलेको कोर्समा आर्ट अफ लिभिङका अन्तर्राष्ट्रिय प्रशिक्षक चन्देश्वर भाइया, मधेश प्रदेशका मुख्य न्यायाधिवक्ता समेत रहेका प्रशिक्षक सुरेन्द्रकुमार महतो र प्रशिक्षक सुधीर ठाकुरले सहभागीसँग ध्यान, योग, प्राणायाम तथा सुदर्शन क्रियाको अभ्यास गराएका थिए ।



आर्ट अफ लिभिङ, नेपालका स्वयंसेवक ओमकुमार साहका अनुसार सहभागीहरूले नियमित अभ्यासमार्फत मानसिक शान्ति, शारीरिक स्वास्थ्य र सकारात्मक सोचलाई जीवनशैलीमा उतार्ने अवसर पाए । समापन कार्यक्रममा प्रादेशिक अस्पताल, गौरका मेडिकल सुपरिन्टेन्डेन्ट डा. मुरारी ठाकुरले मधेश प्रदेशमा साक्षरता दर तुलनात्मक रूपमा न्यून हुनु र समाज कम विकसित अवस्थामा हुनु नैतिक मूल्यमा आधारित जीवनशैलीको आवश्यकता बढिरहेको संकेत भएको बताए । संस्थापक रविशंकरले ध्यान, योग र प्राणायामजस्ता अभ्यासले प्रत्येक व्यक्तिको जीवनलाई स्वस्थ, सन्तुलित र आनन्दमय बनाउन सक्ने र त्यसको प्रभावले समाजमा शान्ति, प्रेम र अहिंसा स्थापनामा सहयोग पुग्ने विश्वास व्यक्त गरेका थिए ।

# परमादेशविरुद्ध गौरमा वृहत् जनप्रदर्शन

**राकेश यादव**
**रौतहट ।**
रौतहट जिल्लाको सदरमुकाम गौरमा आइतबार वृहत् जनप्रदर्शन गरिएको छ । १९ वर्षअघि गौर राइस मिलको मैदानमा भएको घटनाको छानबिन गर्न सर्वोच्च अदालतले जारी गरेको परमादेश सरकारको इशारामा आएको भन्दै गौर घटना सम्बन्धमा सर्वदलिय सर्वपक्षीय संयुक्त संघर्ष समितिको आयोजनामा सरकार र परमादेशविरुद्ध वृहत् प्रदर्शन गरिएको हो । अन्तरिम संविधान जारी भएको विषयविरुद्ध मधेशमा भएको आन्दोलनको क्रममा तत्कालिन नेकपा माओवादी र मधेशी जनाधिकार फोरम नेपालको समर्थकबीच भएको झडपमा २७ जना माओवादीको मृत्यु भएको घटनालाई अहिले ब्युँताएकोले खारिज गर्नुपर्ने माग गर्दै जनता समाजवादी पार्टी, नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी, नेकपा एकिकृत समाजवादी पार्टीका कार्यकर्ताहरू आन्दोलित भएका हुन् । राम जानकी धर्मशालाबाट हजारौंको संख्यामा निस्केको रैली झुठा मुद्दा खारेज गर, लाल आयोग, खिलराज रेग्मी र राष्ट्रिय मानव अधिकार




आयोगको प्रतिवेदन सार्वजनिक गर, भुमि सम्बन्धि अध्यादेश खारेज गर, घटनाका मुख्य योजनाकारमाथि कारवाही गर जस्ता नारा लगाउँदै नगर परिक्रममा गरेका थिए । नगर परिक्रमापछि मधेशी क्रान्ति चौकमा कोणसभामा परिणत भएका थिए । कोणसभालाई सम्बोधन गर्दै नेकपा एमालेका नेता पुर्वसंबिधान सभा सदस्य बबन सिंहले माओवादीले शान्ति सम्झौतापछि अवैध हतियार प्रयोग गरि गरेको हत्या हिंसाको विरुद्ध आक्रोशित मधेशी जनताले गरेको प्रतिकारको फलस्वरुप घटना घटेको जिकिर गरे । रौतहटमा आन्दोलन गरिरहेका मधेशी, दलित, मुस्लिम समुदायमाथि दमन गर्ने उदेश्यले पहिलादेखि घोषित कार्यक्रम स्थल निर माओवादीले आफ्नो कार्यक्रम आयोजना गरि फोरमका कार्यकर्तामाथि आक्रमण गरेकोले आफ्नो ज्यान जोगाउन प्रतिकार गर्दा घटना भएकोले न्यायिक छानबिन गरि दोषीमाथि कारवाही गर्न मागसमेत गरे ।

कार्यक्रममा नेपाली कांग्रेसका जिल्ला सचिव रामचन्द्र गिरीले राजनीतिक मुद्दा खारेज भइसकेपछि पुनः ब्युँताउनु १२ बुँदे सम्झौताको विपरित रहेकोले खारेज गर्नु पर्ने धारणा राखे । सभामा नेकपा एसका रेवन्त झाले मधेशी नेताहरुलाई फसाउनको लागि झुटा मुद्दा सिर्जना गरिएकोले खारेज गर्नु पर्ने जोड दिए । उनले नेकपा माओवादीका तत्कालिन मधेशी राष्ट्रिय मुक्ति मोर्चाका महासचिव प्रभु साहको हठको कारण घटना भएकोले साहमाथि नै कारवाही गर्नु पर्ने माग गरे । कोणसभामा मधेश प्रदेश सरकारका पुर्वप्रदेश सांसद राम किशोर यादव, बाबुलाल साह कानु, पुर्वराज्यमन्त्री योगेन्द्र यादव, लोसपाका अनिल कुमार सिंह, मधेशी नेता रामेश्वर प्रसाद यादव, अमर यादवले लाल आयोग, खिलराज रेग्मी, राष्ट्रिय मानव अधिकार आयोग, नेकपा माओवादीको छानबिन प्रतिवेदन सार्वजनिक गर्न सरकारसँग माग गर्दै सार्वजनिक नगरिए मधेशमा ठुलो संघर्ष हुने चेतावनीसमेत दिएका छन् ।

# सडक आश्रित ‘बा’हरुका लागि मानव सेवा आश्रम सञ्चालन

**मधेशदृष्टि**
**रौतहट ।**
कुशे औंसीको अवसर पारेर रौतहटको चन्द्रपुर–७ बनबहुअरीमा सडक आश्रित वृद्धहरूलाई आश्रय दिने उद्देश्यले मानव सेवा आश्रमको शाखा सञ्चालनमा ल्याइएको छ । उद्घाटन कार्यक्रममा सांसद देवप्रसाद तिमल्सिना र प्रमुख जिल्ला अधिकारी विनोद खड्कालगायतले सडकमा आश्रित वृद्धहरूलाई आश्रममा प्रवेश गराउँदै सेवा प्रारम्भ गरे । सांसद तिमल्सिनाले आश्रमलाई सञ्चालनमा ल्याउन आवश्यक वस्तु तथा स्रोतहरूको सहयोग गर्ने प्रतिबद्धता जनाए । कार्यक्रममा प्रजिअ खड्का, गढीमाई नगरपालिकाकी उपप्रमुख स्मिता यादव, गरुडा नगरपालिकाका प्रमुख कन्थमणि प्रसाद कलवार, जिल्ला समन्वय समिति प्रमुख रामअयोध्या यादव, पत्रकार महासङ्घ



रौतहटका अध्यक्ष सञ्जय कार्की, चन्द्रपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष उदयनारायण सापकोटा, निजानन्द धामका सन्त गुरु सुरेन्द्र दाहाल र एमाले नगर कमिटी अध्यक्ष शिव आचार्यलगायतले आश्रमलाई निरन्तर सहयोग गर्ने प्रतिवद्धता जनाए । आश्रम सञ्चालनका लागि तीन लाख ३८ हजार १२५ बराबरको नगद तथा जिन्सी सहयोग संकलन भएको आश्रमका मधेश प्रदेश संयोजक विवेक महतोले जानकारी दिए । सोही अवसरमा गरुडा नगरपालिकाले दुई लाख ५१ हजार सहयोग गर्ने घोषणा गर्यो भने पूर्वमन्त्री तथा प्रदेशसभा सदस्य कृष्ण यादवले ५१ हजार बराबरको खाद्यान्न सामग्री उपलब्ध गराउने प्रतिबद्धता जनाए । त्यस्तै, कृष्ण प्रणामी युवा परिषद्‌ले ६० हजार बराबरको खाद्यान्न तथा लत्ताकपडा सहयोग गर्यो । जनज्योति बहुमुखी क्याम्पस चन्द्रनिगाहपुरका स्ववियु सचिव साहिल पुरीले २० हजार, पशु चिकित्सक दुर्गाप्रसाद चिमोरियाले ११ हजार, प्रजापति पैडेलले ११ हजार १३०, विनोददास कथबनियाले १० हजार ५५५ र अर्पणा देवकोटाले १० हजार सहयोग गरेका छन् । यस्तै, कृष्ण प्रणामी युवा परिषद्‌को निजानन्दधाम प्रारम्भिक समिति, पत्रकार महासङ्घ रौतहट शाखाका अध्यक्ष कार्कीसहित विभिन्न व्यक्तिहरूले पनि सहयोग गरे ।
हाल आश्रममा रौतहटका ६ र अन्य जिल्लाका १४ गरी २० जना सडक आश्रित वृद्धहरूलाई बसोबास गराइएको छ । आश्रमले उनीहरूलाई खान र बास मात्र नभई सीप, दक्षता र क्षमता विकासमार्फत समाजमा पुनःस्थापना गर्ने उद्देश्य राखेको संयोजक महतोले जानकारी दिए । यही भदौ ५ गतेदेखि शुरू गरिएको उद्धार अभियानअन्तर्गत इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरदेखि चन्द्रपुर नगरपालिका–१ बागमती मङ्गलपुरसम्म ६ जना सडक मानवलाई उद्धार गरी आश्रममा ल्याइएको हो । संयोजक महतोका अनुसार २०८२ साल भित्रै रौतहटलाई ‘सडक मानवरहित जिल्ला’ बनाउने लक्ष्यसहित आश्रमले सेवा विस्तार गर्ने तयारी गरेको छ । मानव सेवा आश्रमले विगत केही वर्षदेखि देशका विभिन्न जिल्लामा सडक आश्रितहरूलाई उद्धार गरेर आश्रय, उपचार र पुनःस्थापना गर्दै आएको छ ।

# चौरचन पर्व नजिकिँदै जाँदा बजार चहकिलो



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मिथिलाको प्रसिद्ध लोकपर्व चौरचन (चौठचन्द्र) नजिकिँदै गर्दा जनकपुरधामको बजारमा बाँस र माटोका सामग्रीको व्यापार चहकिलो बनेको छ ।

विशेषगरी पेठिया बजारमा बाँसबाट बनेका रंगीबिरंगी सूपा, डलिया, टोकरी र माटोका दियो, मट्का (दही जमाउने भाँडो), बाटोका ढकनीजस्ता सामग्रीको बिक्री बढेपछि बजारमा चटारो देखिएको हो । स्थानीय व्यापारीहरूको भनाइमा सामान्य दिनमा एकदमै थोरै बिक्री हुने बाँस र माटोका सामग्री चौरचन नजिकिँदा अचानक उच्च मागमा पुगेका छन् ।

व्यापारी निलम कुमारीका अनुसार, ‘सामान्यतया दैनिक २–४ वटा मात्र बिक्री हुने सामान अहिले ४०–५० वटासम्म जान्छ । चौरचनमा चन्द्रलाई अर्घ दिने परम्परागत चलन भएकैले यो पर्व हाम्रो व्यापारका लागि सुनौलो अवसर बनेको हो ।’ यस्तै, वर्षभरि माटोका भाँडा बनाउने कुम्हाल समुदायका लागि पनि यो पर्व विशेष कमाइको समय भएको छ ।

कुम्हाल महिला सुखनी देवी पण्डित भन्छिन्, ‘हामी वर्षभरि भाँडा बनाउँछौं । तर, चौरचन जस्तो बेला नै सबैभन्दा बढी आम्दानी हुन्छ । विशेषगरी दही जमाउने भाँडाको माग धेरै हुन्छ । बजारमा राख्नेबित्तिकै सकिन्छ ।’ पर्व नजिकिँदै गर्दा ग्राहकहरू पनि परम्परागत सामग्री रोज्न थालेका छन् ।

पेठिया बजारमै किनमेल गरिरहेकी स्थानीय रुवि कुमारी भन्छिन्, ‘प्लास्टिकका सामान सजिलै पाइन्छन् । तर, चौरचनमा बाँस र माटोका भाँडो नै चाहिन्छ । यसले संस्कृतिलाई मात्र नभई वातावरणलाई पनि जोगाउँछ ।’ मिथिलामा प्रचलित चौरचन पर्वमा घरपरिवारले चन्द्रमालाई अर्घ दिने परम्परा रहिआएको छ । अर्घ दिने सामाग्रीका रूपमा परम्परागत बाँस र माटोका भाँडो प्रयोग हुने भएकाले किसान, कारीगरदेखि व्यापारीसम्मका लागि यो पर्व आम्दानी र रोजगारीको अवसर बनेको छ । सांस्कृतिक मूल्य र परम्परागत हस्तकलाको संरक्षणसँगै चौरचन पर्वले स्थानीय उत्पादन र कारीगरलाई प्रोत्साहन दिने अवसर सिर्जना गरेको व्यापारी तथा समुदायका अगुवाहरूको धारणा छ ।

# गाँजासहित दुई भारतीय पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरीले नेपाल–भारत मैत्री बसबाट लागुऔषध गाँजासहित दुई भारतीय नागरिकलाई आइतबार वीरगंजबाट पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा भारत महाराष्ट्र मुम्बई बस्ने ४२ वर्षीय अनवर सलाउदिन खान र ४१ वर्षीय मोहम्मद इकवाल सय्यद छन् ।

सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगंजबाट खटिएको टोलीले वीरगंज महानगरपालिका–१६ बाट नेपालबाट भारततर्फ जाँदै गरेको बा ५ ख १२३७ नम्बरको नेपाल–भारत मैत्री यात्रुवाहक बसमा जाँच गर्ने क्रममा उनीहरुको साथमा रहेको झोलाबाट ६ किलो ४ सय ग्राम गाँजा बरामद भएको हो । दुवैलाई नियन्त्रणमा लिई आवश्यक कारबाहीका लागि वडा प्रहरी कार्यालय विर्तामा बुझाइएको सशस्त्र प्रहरी पर्साका सूचना अधिकारी डीएसपी सुरज कार्कीले जानकारी दिए ।

# विकृति र विसंगतिले परम्पराहरू ओझेलमाः कृषिमन्त्री

**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री जनार्दन सिंह क्षेत्रीले भौतिक विकाससँगै परम्परा, धर्म र संस्कृतिको संरक्षण गर्नु सबैको नैतिक दायित्व भएको बताएका छन् । जगरनाथपुर गाउँपालिकामा आयोजित तीज विशेष कार्यक्रममा मन्त्री क्षेत्रीले आधुनिकताका कारण समाजमा बढ्दै गएको विकृति र विसंगतिले परम्पराहरू ओझेलमा परेकोमा चिन्ता व्यक्त गरे । उनले घरघरमा हुने पूजापाठ हराउँदै गएको र युवा तथा विभिन्न उमेरका मानिसहरू मद्यपान र लागुऔषध दुर्व्यसनतर्फ आकर्षित भइरहेको बताए । कार्यक्रममा गाउँपालिका अध्यक्ष श्रीकान्त प्रसाद यादवको सभापतित्व रहेको थियो ।

# आत्मरक्षा तालिम सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरी बल नेपाल नं. १३ गण हेडक्वार्टर पर्साले आयोजना गरेको ११ दिने आत्मरक्षा तालिम आइतबार सम्पन्न भएको छ । साउन २८ गतेदेखि भदौ ८ गतेसम्म सञ्चालन भएको यस तालिममा गण हेडक्वार्टर र मातहतका युनिटका गरी ३५ जना सशस्त्र प्रहरी कर्मचारी सहभागी भएका थिए ।

त्यसमध्ये १० जना महिला रहेका छन् । तालिम वीरगंज तेक्वान्दो डोजांगको सहयोगमा सञ्चालन गरिएको हो । प्रमुख प्रशिक्षक मोहम्मद वेशसहित ९ जना प्रशिक्षकले तालिम दिएका थिए ।

समापन कार्यक्रममा बोल्ने वक्ताहरूले आत्मरक्षा तालिम सुरक्षाकर्मीहरूको कार्यदक्षता, आत्मविश्वास र आपत्कालीन परिस्थितिमा सामना गर्ने क्षमतामा महत्त्वपूर्ण योगदान पुर्याउने बताए । उनीहरूले सीमा सुरक्षासँगै सम्भावित खतराबाट बच्न यस्ता तालिम अपरिहार्य रहेको उल्लेख गरे ।

# सरकारी प्राथमिक विद्यालयमा बालबालिकालाई कम्प्यूटर तालिम

**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरीका ग्रामीण भेगका तीन सरकारी प्राथमिक विद्यालयका बालबालिकाले पहिलो पटक कम्प्यूटर सिक्ने अवसर पाएका छन् । रूपनगर नन्दराज संग्रौला क्याम्पस काठमाडौंको एक्मी इन्जिनियरिङ कलेज र दलित सरोकार मञ्चको सहकार्यमा ‘बालबालिकासम्म कम्प्यूटर’ अभियान शुरू गरिएको हो । अभियान अन्तर्गत कञ्चनरूप नगरपालिका–६ को राष्ट्रिय प्राथमिक विद्यालय, पिपरा वडा–९ को भगवती आधारभूत प्राथमिक विद्यालय, कञ्चनपुर र वडा–१२ को वीरेन्द्र केशरी खेमराज प्राथमिक विद्यालय, धरमपुरमा कम्प्यूटर तालिम संचालन भइरहेको छ । भगवती आधारभूत प्राथमिक विद्यालयमा तालिमको उद्घाटन नगर प्रमुख ललन प्रसाद गुप्ताले गरेका थिए भने राष्ट्रिय प्राथमिक विद्यालय पिपरामा कार्यक्रम दलित सरोकार मञ्चका कार्यकारी निर्देशक भोला पासवानको प्रमुख आतिथ्यमा सम्पन्न भयो । त्यस्तै, धरमपुरस्थित विद्यालयमा तालिम वडाध्यक्ष देवि बहादुर खत्रीले शुभारम्भ गरेका थिए । यो अभियान अन्तर्गत विद्यालयका बाल कक्षादेखि कक्षा पाँचसम्मका विद्यार्थीलाई आधारभूत कम्प्यूटर शिक्षा दिइनेछ । आयोजकका अनुसार गुणस्तरमा पछि परेका सामुदायिक विद्यालयका विद्यार्थीलाई बाल्यकालमै कम्प्यूटरको ज्ञान दिलाउने उद्देश्यले कार्यक्रम शुरू गरिएको हो । तालिमका लागि आवश्यक कम्प्यूटर एक्मी इन्जिनियरिङ कलेजले उपलब्ध गराएको छ भने कम्प्यूटर र अङ्ग्रेजी विषयका शिक्षक दलित सरोकार मञ्चले व्यवस्थापन गरेको हो । केही दिन अघि प्रत्येक विद्यालयलाई दुई–दुई वटा कम्प्यूटर हस्तान्तरण गरिएको थियो । यसबाहेक, छनौट गरिएका विद्यालयका १४ जना शिक्षकरशिक्षिकालाई समेत दुई महिनाको आधारभूत कम्प्यूटर तालिम रूपनगर क्याम्पसको प्रयोगशालामा सञ्चालन भइरहेको छ । क्याम्पस प्रमुख प्राध्यापक दीपक कुमार गजुरेलका अनुसार सहभागीलाई प्रमाणपत्रसहित तालिम दिइने छ । दलित सरोकार मञ्चका कार्यकारी निर्देशक भोला पासवानले प्रारम्भिक चरणमै राम्रो परिणाम आए आगामी दिनमा अभियानलाई थप विद्यालयसम्म विस्तार गर्ने योजना रहेको जानकारी दिए ।
अभियानको निरन्तर अनुगमन तथा मूल्याङ्कनका लागि प्राध्यापक गजुरेलको नेतृत्वमा तीन सदस्यीय समिति समेत गठन गरिएको छ । तीन विद्यालयमा आयोजित उद्घाटन कार्यक्रममा युवा अभियानकर्ता मनिष कोइरालाले कार्यक्रम सञ्चालन गरेका थिए ।

द.नं. २४/६५/०६६ (डि.स.का.धनुषा)
पान नं.-३०३४४४५५४

सहकारी ऐन २०४८ बमोजिम स्थापित
**आस्था बचत तथा ऋण सहकारी संस्था लि.**
NEFSCUN
प्र.का. जनकपुरधाम-११, धनुषा, मधेश प्रदेश
सेवा केन्द्रः क्षीरेश्वरनाथ न.पा.-५, महेन्द्रनगर, धनुषा

**विषयः लेखापरीक्षक आवश्यक्ता सम्बन्धी सूचना ।**

उपरोक्त विषयमा यस संस्थाको आ.व. २०८२/०८३ को बार्षिक लेखा परीक्षण कार्य सम्पन्न गर्नका लागि इजाजत प्राप्त व्यक्ति, फर्म वा कम्पनीहरुले बाह्य लेखा परीक्षण नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरीएका नेपाल लेखा परीक्षणमान बमोजिम गरी वित्तीय विवरण तयार गर्नु पर्ने भएकाले यो सूचना प्रकासित भएको मितिबाट १५ दिन (मिति २०८२/०५/२३ गते) भित्रमा भ्याट सहित दररेट पेश गर्नु हुन सम्बन्धित सवैलाई सूचित गरीन्छ ।

**आवस्यक कागजातहरुः**
१. फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
२. फर्म वा कम्पनी नविरण गरिएको पत्रको प्रतिलिपि ।
३. चार्टर्ड एकाउन्टेन्सी संस्थाबाट लेखापरीक्षण इजाजतपत्रको प्रतिलिपि ।
४. कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

**संस्थाको इमेलः** aasthasaccos2012@gmail.com
☎ ०४१-५२८७६६

**नविन कुमार कर्ण**
(प्रमुख कार्यकारी अधिकृत

सम्पादकीय

# समुदायस्तरमा हैजा र राज्यकै परेशानी

मधेश प्रदेशको आर्थिक नगरी वीरगंजमा हैजाको सङ्क्रमण समुदायस्तरमै पुगेपछि यो विषय राष्ट्रिय मुद्दा बनेको छ । शुक्रबार साँझ वीरगंजको तराई अस्पतालमा झाडापखाला लागेर उपचाररत तीन जना बिरामीमा हैजा देखिएको हो । आइतबार दिउँसो मात्रै ५४ जना झाडापखाला लागेर अस्पताल भर्ना भएका बिरामीमा हैजा पुष्टि भएको हो । वीरगंजका एक दर्जनभन्दा बढी अस्पतालमा एक सय पचास झाडापखाला तथा हैजा पुष्टि भएका बिरामीको उपचार चलिरहेको छ । सबैभन्दा बढी बिरामीको घुइँचो सरकारी अस्पतालमा नारायणीमै छ । नारायणी अस्पतालमा हैजा पुष्टि भएका २५ र झाडापखालाका ४५ बिरामीको उपचार जारी छ।

उसो त निजी अस्पतालहरु तराई अस्पताल, नेशनल मेडिकल कलेज, एडभान्स अस्पताल, वीरगंज हेल्थ केयर अस्पताल, भवानी अस्पताल, अली अर्थो ट्रमा सेन्टर, नारायणी सेन्ट्रल अस्पताल र मङ्गलम अस्पतालमा पनि बिरामी छन् । आइतबार बिहानसम्ममा यो संख्या १ सय ५० नाघेको छ। अधिकांश बिरामी वीरगंज महानगरपालिका वडा नम्बर ११, १२, १६ र १८ का छन्। हैजा सङ्क्रमण पुष्टि भएर अस्पतालमा उपचाररत एक जना उपचारपछि घर फर्किएका छन् भने ४३ जनाको उपचार भइरहेको छ। हैजा सङ्क्रमण फैलिने मुख्य कारण तथा स्रोतबारे अनेक अड्कलबाजी भइरहे पनि आधिकारिक रूपमा यसैबाट हैजा फैलिएको हो भन्ने यकिन जानकारी आएको छैन।

हैजाबाट हालसम्म कसैको मृत्यु नभएको बताइएको छ। एक जनाको अस्पताल ल्याउँदा तथा अर्कोको अस्पताल ल्याउने बित्तिकै मृत्यु भएकाले मृतक दुवैको स्वास्थ्य परीक्षण गर्न नपाइएको तर दुवैको लक्षण हैजासँग मिल्दोजुल्दो भएको पाइएको छ । स्वास्थ्य मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखामार्फत वीरगंज अधिकांश अस्पतालमा किट वितरण गरिएको छ । धेरै जोखिमयुक्त क्षेत्र मानिएका १ देखि १६ वडा क्षेत्रमा घरघर पुगेर सचेतना फैलाउने, सरसफाइमा जोड दिने र उपचारमा ल्याउने कार्य भइरहेको छ। हैजा फैलिन नदिन सबै विद्यालयको पठनपाठन आइतबार र सोमबारका लागि बन्द भएको छ। महानगर क्षेत्रभित्र पानी पुरी, चाट, भाजालगायतका खुला स्थानमा सडक छेउमा बिक्री हुने खाद्यवस्तु बिक्री वितरणमा रोक लगाइएको छ । सावधानी अपनाउन सबैमा आग्रह गरिएको छ।

# बिआरआईले कनेक्टिभिटी विस्तार र विकासमा सहयोग पुग्नसक्छ



हुआङ झेङ डुओ
**निर्देशक**
सिचुआन विश्वविद्यालय अन्तर्गत नेपाल अध्ययन केन्द्र

प्राध्यापक हुआङ झेङ डुओ चीनको सिचुआन विश्वविद्यालयको नेपाल अध्ययन केन्द्रका निर्देशक हुन् । अमेरिकाको जोन्स हफ्किन्स विश्वविद्यालय स्कूल अफ एडभान्स्ड इन्टरनेशनल स्टडिजमा समेत अध्ययन गरेका डुओ चीन र दक्षिण एसियाली देशहरूबीचको सम्बन्धबारे अध्ययन अनुसन्धानकर्ताका रुपमा सक्रिय छन् । उनका तीन पुस्तकहरू र दर्जनौँ अनुसन्धानात्मक लेखहरु प्रकाशित छन् । प्रस्तुत छ, चीन–नेपाल सम्बन्धको ७०औँ वर्षको अवसर पारेर भइरहेका विभिन्न कार्यक्रममा सहभागिता जनाउन काठमाडौँ आउनुभएका निर्देशक डुओसँग नेपाल–चीन सम्बन्धका विभिन्न पक्षमा केन्द्रित रही राष्ट्रिय समाचार समिति(रासस) का उपसम्पादक मधु शाहीसँग गरिएको अन्तवार्ताः

**नेपाल घुम्न आइहनुहुन्छ ? के कुराले यहाँ आइरहन मनलाग्ने बनाउँछ ?**
नेपाल मेरो दोस्रो घर होभन्दा पनि हुन्छ । अहिलेसम्म लगभग २० पटकभन्दा बढी नेपाल आएको छु । अध्ययन अनुसन्धान गर्ने कामदेखि विभिन्न शैक्षिक गोष्ठी, सम्मेलन तथा कार्यक्रमहरुमा सहभागी भइरहेको हुन्छु । त्योभन्दा पनि नेपालको प्राकृतिक सौन्दर्यले मलाई पटकपटक तानिहरन्छ । मैले नेपालका विभिन्न स्थानहरु घुमेको छु । काठमाडौँ बाहिर जनकपुर, चितवन, लुम्बिनी, पोखरा, मनाङ लगायताका ठाउँहरुमा पुगेको छु । सबैको आ–आफ्नै विशेषताहरु छन् । तथापि लुम्बिनी मेरो मन पर्ने ठाउँमध्ये पर्दछ । यो भगवान् गौतम बुद्धको जन्मस्थल भएकाले पनि महत्वपूर्ण छ । बौद्ध धर्मसँगको नाता धेरै पुरानो हो चीनको । त्यहाँ गएर केही समय बिताउँदा मन शान्त हुन्छ ।

**नेपाल घुम्न आउने पर्यटकमध्ये चिनियाँ पर्यटकको संख्या ठूलो छ । पर्यटन क्षेत्रमा नेपालले के–कस्ता सुधार गर्नसके चिनियाँ पर्यटकको आकर्षण बढाउन सकिएला ?**
नेपाल प्राकृतिक रुपमा सुन्दर त छँदैछ । त्यसबाहेक विश्वसम्पदा सूचीमा रहेका विभिन्न दरबार क्षेत्रहरु, विशवकै सर्वोच्च शिखर सगरमाथा, विभिन्न राष्ट्रिय निकुञ्जहरु, अनि यहाँको संस्कृति आफैँमा बेजोड छ । खासगरी लुम्बिनी भगवान् गौतम बुद्धको जन्मस्थल भएकाले चिनियाँ नागरिकहरुको आकर्षणको केन्द्र बनेको छ । मैले घुमफिरका क्रममा देखेको लुम्बिनी भौतिक संरचनामा ठिकै छ तर त्यहाँको सांस्कृतिक भावना आदानप्रदान गर्ने विषयमा पर्यटक लक्षित अझै हुन सकेको छैन । उदाहरणका लागि, एकपटक मेरा एक साथीलाई लिएर लुम्बिनी घुम्न गएका थियौँ । उनले फर्किने बेलामा लुम्बिनीको अध्यात्मिक र मौलिक उपहार के लैजाने ? भनेर बजार घुम्दा केही नयाँ चिज पाइएन । र अन्तिममा लुम्बिनीमा रहेको पिपलको रुखबाट खसेका केही पातहरु बटुलेर चिनोको रुपमा लिएर गए । नेपालले पर्यटकलाई मौलिक उपहार के दिएर फर्काउन सकिएला ? भन्ने तिर सोच्नसके व्यापार व्यवसाय पनि वृद्धि हुने र पर्यटक पनि खुसी हुने थिए । त्यस्तै, नेपाल भ्रमणमा पर्यटकले अन्य देशको तुलनामा निकै महँगोमा टिकट किन्नुपर्छ । टिकटमा सहुलियत हुनसके नेपाल भ्रमणमा आउने चिनियाँ नागरिकको संख्या निकै नै बढ्ने सम्भावना देख्छु ।

**पछिल्लो समय दुई देशबीच उच्चस्तरीय भ्रमणहरु बाक्लिँदै गएका छन् । यसले कूटनीतिक सम्बन्धमा कस्तो प्रभाव पार्ने देख्नुहुन्छ ?**
कुनै पनि मुलुकको सम्बन्ध प्रगाढ बनाउन भेटघाट र निरन्तर संवाद हुनु जरुरी छ । यसले एकअर्काको भावनात्मक सम्बन्धलाई अझै बढी मजबुद बनाउन मद्दत गर्छ । कूटनीतिक रुपमा उच्चस्तरीय तहमा सरकार प्रमुखहरु वा राज्य प्रमुखहरुका बीच समयसमयमा भेटघाट हुनु त स्वाभाविक नै छ । त्यसबाहेक, नागरिकहरुबीचको सम्बन्ध पनि बाक्लिँदै गएको छ । यसले एकअर्कालाई राम्ररी बुझ्नका लागि मद्दत गर्दछ । चिनियाँ समाजलाई बुझ्नका लागि दुवै देशका विद्यार्थीहरुको आवतजावतले सहयोग गरिरहेको छ । पश्चिमा मुलुकका सञ्चारमाध्यमले चीनका बारेमा जुनप्रकारले व्याख्या गरिरहेका छन्, त्यो बुझाई गलत हो भन्ने कुरामा उनीहरु विश्वस्त हुँदै गएका छन् ।

**नेपाल–चीनको कूटनीतिक सम्बन्ध विस्तार भएको ७० वर्ष पुग्यो । अब नेपाल र चीनको सम्बन्ध कुन दिर्शातर्फ अग्रसर भएको देख्नुहुन्छ ?**
नेपाल र चीन कूटनीतिक सम्बन्ध सन् १९५५ अगस्ट १ देखि शुरू भएको हो । विगतदेखि नै यी दुई देशबीच सहअस्तित्व, सहकार्य, सम्मानपूर्ण र मैत्रीपूर्ण सम्बन्ध विस्तार हुँदै आएको छ । अहिले अगस्ट महिनाभरि नेपाल र चीनले कूटनीतिक सम्बन्ध विस्तार गरेको ७० वर्षको उत्सव मनाइरहेका छौँ । अब आगामी वर्षलाई अझै कसरी स्वर्णिम र प्रगाढ बनाउने विषय महत्वपूर्ण हो । मेरो विचारमा नेपाल र चीनको सम्बन्ध दीर्घकालीन र परिणाममुखी बनाउन नेपालको राजनीति स्थायी हुन जरुरी हुन्छ । यहाँको विकासले मूर्तरुप लिनका लागि स्थायी नेतृत्व आवश्यक छ । त्यस्तै, यहाँको जलविद्युत् परियोजनाहरुमा सहकार्य गर्न सकिन्छ । त्यस्तै, अबको समय आर्टिफिसियल इन्टेलिजेन्स(एआई) को भएकाले डिजिटल साझेदारीमा पनि नेपालले सम्बन्ध अर्थपूर्ण बनाउने अर्को आधार देखेको छु । नेपालले भर्खरै एआई नीति ल्याएको छ, जुन सकारात्मक छ । चीनले यस क्षेत्रमा निकै नै प्रगति हासिल गरिसकेकाले नेपालले पनि चीनबाट प्रविधि सिक्न सक्छ ।

**नेपाल–चीनको कूटनीतिक सम्बन्ध प्रगाढ बनाउने राजनीतिक, आर्थिक, शैक्षिक, समाजिक, सांस्कृतिकलगायत विभिन्न आधारहरुमध्ये कुन आधार बढी प्रभावकारी देख्नुहुन्छ ?**
तपाईंले भनेजस्तो राजनीतिक, आर्थिक, शैक्षिक, सामाजिक तथा सांस्कृतिकलगायत सबै आधारहरुले नै दुई देशको कूटनीतिक सम्बन्ध बलियो बनाउँछन् । यी सबै बुँदा एकअर्कासँग अन्तर सम्बन्धित छन् । यद्यपि, मेरो विचारमा आर्थिक विकासको साझेदारीले अरु क्षेत्रको समृद्धिमा समेत टेवा पुऱ्याउन सक्छ । आर्थिक विकास र गरिबी न्यूनीकरणका सन्दर्भमा चीन आफूले जानेको कुराहरु नेपाललाई बाँड्न चाहन्छ ।

**नेपालमा निकै चासोका साथ चीनको बेल्ड एण्ड रोड(बिआरआई) परियोजनालाई लिने गरिएको छ । यसबारे तपाईंको धारणा के छ ?**
नेपाल भू–परिवेष्ठित देश भएकाले यहाँ बाहिरी कनेक्टीभिटी विस्तार गर्न अति महत्वपूर्ण छ । चीनको बेल्ड एण्ड रोड इनिसिएटिभ(बिआरआई) परियोजनाले वास्तवमा कनेक्टिभिटी विस्तार र यहाँको विकास सहयोगी बन्न सक्छ । तर बिआरआईका परियोजनाहरु जुन रुपमा अगाडि बढ्नुपर्ने हो, त्यो रुपमा बढ्न नसक्नुको पछाडि यस क्षेत्रमा बढ्दै गएको भू–राजनीतिक अवस्था पनि एउटा कारण हुन सक्छ । विकासका सन्दर्भमा सबै राजनीतिक दलहरु एक ठाउँमा आउन जरुरी छ ।

**नेपाल दुई शक्तिशाली छिमेकी देशबीच रहेको तुलनात्मक रुपमा सानो देश हो । यी ठूला राष्ट्रहरुबीचको सन्तुलन कायम गर्न नेपालले के–कस्ता रणनीति अपनाउनुपर्ला ?**
तपाईंले भने जस्तै नेपाल दुई शक्तिशाली देशबीचको भौगोलिक हिसाबले सानो देश हो । तर, यसको आफ्नै अस्तित्व, सार्वभौमसत्ता र अलग्गै पहिचान छ । चीन र भारतबीचको छिमेकी सम्बन्ध सन्तुलन गर्न केही चुनौती नेपालले महसुस गरेको हुनसक्छ । मेरो विचारमा नेपालले छिमेकी मुलुकहरुबीच सदाचार र सहकार्यको भावना राखे खासै ठूलो समस्या होइन । सहकार्य गर्नका लागि सन्तुलन कायम गर्नुपर्ने समस्या हो जस्तो लाग्दैन । यस्तो कूटनीतिक अभ्यास नेपालले गर्दै आइरहेको पनि देखिन्छ ।

**नेपाली विद्यार्थीहरु चीनमा अध्ययन गर्न जानेक्रम बढ्दो छ । ती विद्यार्थीहरुले दुई देशको सम्बन्ध जोड्न कस्तो भूमिका खेल्न सक्छन् ?**
पछिल्लो समय चीनमा नेपाली विद्यार्थीहरु अध्ययन गर्नेक्रम बढ्दो छ । यो हाम्रा लागि सुखद पक्ष हो । विभिन्न तालिम, सेमिनार र छलफलमा भाग लिने युवा जमात तीव्र छ । विद्यार्थीहरु ज्ञान र संस्कृति आदानप्रदान गर्ने महत्वपूर्ण स्रोत भएकाले शैक्षिक विकासले दुवै देशको सम्बन्ध जोड्न मद्दत गर्छ । एकअर्कालाई बुझ्न पनि यस्तो खालको गतिविधिहरु आवश्यक छ ।

**अन्त्यमा, नेपालको कुन पक्ष तपाईंलाई सुन्दर लाग्छ ?**
नेपाल प्राकृतिक, सांस्कृतिक, धार्मिक हिसाबले सुन्दर छ । यससँगै अर्को रोचक पक्ष यहाँको बहुआयामिक समाज हो । यहाँको समाजमा खुला रुपमा गरिने वैचारिक बहस, छलफल र अन्तक्रियात्मक संस्कृति मलाई राम्रो लाग्छ ।

# अमेरिकी धम्कीपछि मोदीको कर कटौती वाचा



दैनिक वस्तुहरूमा उपभोग कर घटाउने भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको दबाबले वार्षिक अर्बौं डलरको राहत दिलाउन सक्ने र अमेरिकी भन्सार शुल्कको कडा असर झेलिरहेको अर्थतन्त्रमा माग बढाउन मद्दत पुऱ्याउने विशेषज्ञहरूले बताएका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भारतले रुसबाट तेल खरिद गरेको भन्दै नयाँदिल्लीमाथि सजायस्वरूप आयात शुल्क २५ प्रतिशतबाट दोब्बर गरेर ५० प्रतिशत पुऱ्याउने धम्की दिएका छन् ।

यस सम्भावित कदमले विश्वको पाँचौँ ठूलो अर्थतन्त्रको भविष्यलाई अनिश्चित बनाएको छ । भारतीय निर्यातकर्ताहरूले यसले अर्डर गुम्ने र रोजगारीमा गम्भीर सङ्कट आउने चेतावनी दिएका छन् । नयाँदिल्लीले वासिङ्टनको कदमलाई 'अनुचित, अन्यायपूर्ण र अस्वीकार्य' भनेको छ । तर मोदीले गत हप्ता भारतको स्वतन्त्रता दिवसमा दिएको भाषणमा 'आम मानिसमाथिको करको बोझ कम गर्ने' वाचा गर्दै यस अमेरिकी प्रहारलाई कम गर्ने प्रयास देखाएका थिए ।

मोदीको प्रस्तावित वस्तु तथा सेवा कर (जिएसटी) कटौतीले साना कारदेखि वातानुकूलनसम्मका सामान उपभोक्ताका लागि सस्तो बनाउने अर्थशास्त्रीहरूको भनाइ छ । हाल जिएसटी प्रणाली एक जटिल चार–स्तरीय संरचनामा आधारित छ, जसमा कर दर पाँचदेखि २८ प्रतिशतसम्म लाग्छ । मोदीको सुधार अनुसार, अधिकांश सामान दुई तहमा पर्नेछन्— पाँच प्रतिशत वा १८ प्रतिशत दरमा ।

भारतीय प्रधानमन्त्रीले यस परिवर्तनलाई 'दीपावली उपहार' भन्नुभएको छ । दीपावली, प्रकाशको वार्षिक हिन्दू पर्व हो, जसमा उपभोक्ताहरू सुन, कपडा र उपभोक्ता इलेक्ट्रोनिक्सजस्ता सामानमा धेरै खर्च गर्छन् ।

**ठूलो बचत**

ट्रम्पको भन्सार शुल्क नीतिले भारतमा कस्तो असर पार्छ भन्ने कुरा रूस–युक्रेन शान्ति सम्झौतामा कति प्रगति हुन्छ र नयाँदिल्लीले अमेरिकी राष्ट्रपतिको अगस्ट २७ को समयसीमा अघि वैकल्पिक तेल आपूर्तिकर्ता पाउन सक्छ कि सक्दैन भन्नेमा निर्भर गर्नेछ ।

विशेषज्ञहरूका अनुसार मोदीको कर सुधारले कर सङ्कलन १३ देखि १७ अर्ब डलरसम्म घटाउनेछ र यसले घरेलु माग बढाउन सहयोग गर्नेछ । एम्के ग्लोबल फाइनान्सियल सर्भिसका विश्लेषकहरूले नीतिलाई 'घरेलु उपभोग बढाउने दिशामा स्वागतयोग्य कदम' भनेका छन् ।

उनीहरूको अनुमानमा, हाल शीर्ष २८ प्रतिशत दरमा रहेका धेरै सामानहरू १८ प्रतिशतमा झर्नेछन् भने १२ प्रतिशत श्रेणीका 'लगभग सबै' सामान पाँच प्रतिशत तहमा जानेछन् । मोतीलाल ओसवाल फाइनान्सियल सर्भिसका विश्लेषकहरूले भने परिवर्तनहरूले धेरै क्षेत्रलाई लाभ दिने र घरपरिवारमा 'ठूलो बचत' ल्याउने बताएका छन् ।

तर प्रस्ताव कार्यान्वयन हुने–नहुने अन्ततः जिएसटी परिषद्मा निर्भर छ । यस परिषद्मा राज्य सरकारका प्रतिनिधिहरू रहेका छन् । उनीहरूले अघिल्ला वर्षहरूमा व्यापक सहमति बनाउन सङ्घर्ष गर्दै आएका छन् । विशेषज्ञहरूका अनुसार यदि प्रस्ताव स्वीकृत भयो भने सार्वजनिक वित्तीय स्थिति कमजोर हुनसक्छ । तर यसले अमेरिकी करको जोखिमलाई केही हदसम्म पन्छाउने र मध्यम वर्गमा मोदीको लोकप्रियता बढाउने सम्भावना पनि छ ।

यो प्रस्ताव यस वर्षको अन्त्यतिर हुने अपेक्षित बिहार चुनावअघि आएको हो । बिहार १३ करोड जनसंख्या भएको ठूलो हिन्दू बहुल राज्य हो । बिहार मोदीका लागि प्रमुख राजनीतिक युद्धभूमि मानिन्छ । 'अहिलेको चर्चित आर्थिक कथा भनेको ट्रम्पको ५० प्रतिशत भन्सार शुल्क र अमेरिका–भारत सम्बन्धमा देखिएको अवरोध हो,' जिन्दल ग्लोबल युनिभर्सिटीका अर्थशास्त्री दीपान्सु मोहनले भने, 'जिएसटी पुनःसमायोजन त्यो सन्दर्भमा मोदीको कडा प्रतिक्रिया हो । मोदीले मध्यम वर्गलाई सन्देश दिइरहनुभएको छ हामी सुनिश्चित गर्छौं कि अन्ततः तपाईंको हातमा पर्याप्त बचत रहोस् ।' यद्यपि उनले भने, 'यो भारतको अर्थतन्त्रले केही समयदेखि निम्न मध्यम आय वर्गलाई पर्याप्त फाइदा दिन नसकेको स्वीकारोक्ति पनि हो ।'

**भारत–अमेरिका व्यापार वार्ता**

अर्थशास्त्रीहरूले वर्षौंदेखि जिएसटी प्रणाली सुधारको माग गर्दै आएका थिए । तर मोदीको यो अप्रत्याशित घोषणा अमेरिका–भारत सम्बन्ध विगत केही दशककै तल्लो तहमा पुगेको समयमा आएको हो ।

अर्थशास्त्रीहरूले यदि दुवै देशबीच व्यापार सम्झौता भएन भने ट्रम्पको भन्सार शुल्कले भारतको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) वृद्धिदर यस वर्ष छ प्रतिशतभन्दा तल झार्न सक्ने अनुमान गरेका छन् । यो दर भारतीय केन्द्रीय बैंकको छ दशमलव पाँच प्रतिशतको अनुमानभन्दा कम हुनेछ ।

हालका धेरै कार्गोहरू ट्रम्पको धम्की आउनुअघि नै सम्झौता भएकाले रूसी तेल आयातबारे भारतको स्थिति सेप्टेम्बरको अन्त्यसम्म प्रस्ट हुने व्यापार खुफिया संस्था केप्लरले बताएको छ । 'भारतीय रिफाइनरहरूले अमेरिका, पश्चिम अफ्रिका र ल्याटिन अमेरिकी कच्चा तेलमा बढ्दो चासो देखाइरहेका छन् । यसले भारतको लचिलोपन देखाउँछ, तर यो कुनै जानाजानी गरिएको रणनीतिक परिवर्तन होइन,' केप्लरका विश्लेषक सुमित रिटोलियाले भन्नुभयो, 'स्पष्ट नीतिगत परिवर्तन वा व्यापार रणनीतिमा निरन्तर बदलाव नभएसम्म रूसी तेल भारतको कच्चा तेल आपूर्तिको मुख्य स्रोत रहिरहनेछ ।' भन्सार शुल्क वृद्धिको समयसीमा नजिकिँदै गर्दा अमेरिका–भारत व्यापार वार्ताको भविष्य अझै अनिश्चित छ ।

नयाँदिल्लीले सम्झौता गर्न प्रतिबद्ध रहेको जनाएको छ । तर भारतीय सञ्चारमाध्यमले अमेरिकी वार्ताकारहरूले अगस्टको अन्त्यतिर हुने भनिएको भारत भ्रमण स्थगित गरेको दाबी गरेका छन् ।

# सिबिआईको कारबाहीबाट अपरेसन प्रभावित छैन

*रिलायन्स कम्युनिकेसन्स लिमिटेड र उद्योगपति अनिल अम्बानीविरुद्ध सेन्ट्रल ब्युरो अफ इन्भेस्टिगेसन (सिबिआइ) ले हालै गरेको कारबाहीले यसको व्यापार सञ्चालन, वित्तीय प्रदर्शन वा हिस्सेदारहरूमा कुनै असर नपरेको रिलायन्स पावर लिमिटेडले आइतबार प्रष्ट पारेको छ। नेसनल स्टक एक्सचेन्ज (एनएसई) मा सार्वजनिक गरिएको फाइलिङ्मा कम्पनीले भनेको छ, 'रिलायन्स पावर लिमिटेड मिडिया रिपोर्टहरूमा प्रष्ट पार्न चाहन्छ कि रिलायन्स कम्युनिकेसन्स लिमिटेड र अनिल अम्बानीविरुद्ध सिबिआईले हालै गरेको कारबाहीले व्यापार सञ्चालन, वित्तीय प्रदर्शन, सेयरधनी, कर्मचारी वा अन्य कुनै पनि स्टेकहोल्डरहरूमा कुनै असर पारेको छैन।'*

*सार्वजनिक डोमेनमा उपलब्ध विवरण र रेकर्डहरूले स्टेट बैंक अफ इन्डिया (एसबिआई) द्वारा दायर गरिएको उजुरी एक दशक पुरानो मामिलासँग सम्बन्धित रहेको देखाउँछ। त्यतिबेला अम्बानी रिलायन्स कम्युनिकेसनमा गैर–कार्यकारी निर्देशकको रूपमा मात्र संलग्न थिए। दैनिक व्यवस्थापनमा उनको कुनै भूमिका थिएन। उहाँले सन् २०१९ मा, अर्थात् छ वर्षअघि, कम्पनीको बोर्डबाट राजीनामा दिएका थिए। रिलायन्स कम्युनिकेसन हाल एसबिआईको नेतृत्वमा रहेको ऋणदाताहरूको समितिको व्यवस्थापनमा रहेको र समाधान व्यवसायीद्वारा निरीक्षण भइरहेको कम्पनीले उल्लेख गरेको छ।*

*यो मुद्दा विचाराधीन अवस्थामा रहेको र राष्ट्रिय कम्पनी कानून न्यायाधिकरण (एनसिएलटी) तथा सर्वोच्च अदालतसहितका अन्य न्यायिक फोरमहरूले विगत छ वर्षदेखि यसलाई विचाराधीन राखेका छन् । रिलायन्स पावरले आफू स्वतन्त्र रूपमा सूचीबद्ध कम्पनी भएको र यसको रिलायन्स कम्युनिकेसनसँग कुनै व्यापारिक वा वित्तीय सम्बन्ध नरहेको स्पष्ट पारेको छ। साथै अनिल अम्बानी साढे तीन वर्षभन्दा बढी समयदेखि रिलायन्स पावरको बोर्डमा नरहेको जानकारी दिइएको छ । त्यसैले रिलायन्स कम्युनिकेसनसँग सम्बन्धित कुनै पनि घटनाले रिलायन्स पावरको शासन, व्यवस्थापन वा सञ्चालनमा कुनै प्रभाव नपार्ने कम्पनीले जोड दिएको छ। कम्पनीले आफ्नो व्यापार योजनाहरूलाई कार्यान्वयनमा लैजानमा ध्यान केन्द्रित गरिरहेको र सबै हिस्सेदारहरूलाई मूल्य प्रदान गर्ने प्रतिबद्धता दोहोऱ्याएको छ। स्टेट बैंक अफ इन्डियाले दायर गरेको उजुरी १० वर्ष पुरानो मामिलासँग सम्बन्धित रहेको र यसबारे बैंकको दाबीलाई सक्षम न्यायिक फोरममा चुनौती दिइएको अनिल अम्बानीका प्रवक्ताले बताएका छन्। अनिल अम्बानीले सबै आरोपहलाई दृढ रूपमा अस्वीकार गर्नुभएको छ र आफ्नो रक्षा गर्ने बताएको छ। प्रवक्ताले भने, 'एसबिआईले पाँच जना अन्य गैर–कार्यकारी निर्देशकहरू विरुद्धको कार्यवाही फिर्ता लिसकेको छ, तर अम्बानीलाई विशेष रूपमा छनोट गरिएको छ।'*

*यसअघि अनुसन्धान एजेन्सी सिबिआईले प्रेस नोटमार्फतस्टेट बैंक अफ इन्डिया, मुम्बईबाट प्राप्त उजुरीका आधारमा रिलायन्स कम्युनिकेसन्स लिमिटेड (आरकम) मुम्बई, यसको निर्देशक अनिल अम्बानी, अज्ञात सरकारी कर्मचारी र अन्य अज्ञात व्यक्तिहरूविरुद्ध आपराधिक मुद्दा दर्ता गरिएको बताएको थियो। प्रेस नोटअनुसार यो मुद्दा २१ अगस्टमा दर्ता गरिएको हो। एएफपी*

# जहाँ द्वन्द्वः त्यहाँ समाधानः गृहमन्त्री




**काठमाडौँ ।**
गृहमन्त्री रमेश लेखकले द्वन्द्वरहित समाज केवल काल्पनिक विषय मात्रै भएको बताएका छन् ।

आइतबार आयोजित नेपालमा शान्ति निर्माणका चुनौती विषय कार्यशाला गोष्ठीको उद्घाटन समारोहमा गृहमन्त्री लेखकले द्वन्द्वसँगै समाधान पनि हुने गरेको धारणा राखे । 'द्वन्द्वरहित समाज कसैले भन्छ भने त्यो काल्पनिक हो, यथार्थ होइन,' उनले भने, 'जहाँ द्वन्द्व छ त्यहाँ समाधान पनि छ, हामीले द्वन्द्वलाई ठीक ढङ्गले बुझिदिनुपर्छ, द्वन्द्वको व्यवस्थापन भनेको सम्झौता पनि हो ।'

पछिल्लो समय संविधानले गरेको अधिकारको बाँडफाँटले मुलुकमा द्वन्द्व उत्पन्न गराइरहेको सङ्केत पाइरहेको उनको भनाइ थियो । 'पालिकाहरुबीच अहिले प्राकृतिक स्रोतसाधनको वितरण र सीमाको द्वन्द्व भएको देखिन्छ,' उनले भने, 'उत्पन्न द्वन्द्व र सम्भावित द्वन्द्वको व्यवस्थापन गरिनुपर्छ ।'

विस्तृत सम्झौताताका वार्ता समितिमा रहँदाका अनुभव सुनाउँदै उनले २०६३ मङ्सिर ५ गते सशस्त्र द्वन्द्वको समाप्त भएको बताए । 'हिंसाको समाजलाई शान्तिको रुपान्तरण गरिएको छ,' उनले भने, 'द्वन्द्वका प्रकृति संसारभर फरकफरक छन्, द्वन्द्वको प्रकृति फरक छ, सर्वव्यापी छ, समाज रहुञ्जेल द्वन्द्व रहन्छ ।'

उनले धेरै विश्वविद्यालय, स्कूल, कलेज, सडक र पुल बनाउने विषय ठीक भए पनि धेरै संविधान बनाउने कुरो खराब रहेको बताए ।

'विसं २०७२ को सातौँ संविधान हो, देश कति ज्यादा अस्थिरतामा गयो, कति अनिश्चितता र कति ज्यादा द्वन्द्वबाट गुज्रियो भन्ने आवस्थाको मापन गर्ने कुरा संविधान हो,' उनले भने, 'नेपाल संसारका विरलैमध्येको त्यस्तो देश हो, जसले सात दशकमा सात संविधान बनायो, संविधान निर्माणको यात्रा २००४ सालदेखि शुरू भएको थियो ।' रासस

# नेपाल र भियतनामबीच सम्बन्ध प्रगाढ बनाउन छलफल



**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओली र नेपाल भ्रमणमा रहेकी समाजवादी गणतन्त्र भियतनामकी उपराष्ट्रपति भो थि आन सुआनबीचको भेटवार्तामा दुई देशबीचको आपसी सम्बन्ध अझ प्रगाढ बनाउँदै लैजाने विषयमा छलफल भएको छ ।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा भएको भेटमा दुई देशबीच रहँदै आएको समस्यारहित सम्बन्धलाई अझ प्रगाढ बनाउन दुवै नेताहरूले अनुभव आदानप्रदान गर्नुका साथै सम्बन्ध विस्तारका विविध पक्षमा छलफल भएको हो ।

भेटमा सहभागी प्रधानमन्त्री ओलीको मुख्य सल्लाहकार विष्णुप्रसाद रिमालले दुई देशबीच सरकार–सरकार, व्यवसाय–व्यवसाय र जनता–जनताका साथै कूटनीतिक र सांस्कृतिक क्षेत्रको सम्बन्धलाई अझ बलियो बनाउने विषयमा कुराकानी भएको जानकारी दिए ।

नेपाल–भियतनाम कूटनीतिक सम्बन्ध स्थापनाको ५० वर्ष पूरा भएको ऐतिहासिक अवसरमा उपराष्ट्रपति रामसहायप्रसाद यादवको निमन्त्रणामा भियतनामका उपराष्ट्रपति सुआन शुक्रबार नेपाल आएकी हुन् ।

नेपाल र भियतनामका उपराष्ट्रपतिबीच भेटवार्ता

उपराष्ट्रपति रामसहायप्रसाद यादव र नेपालको तीनदिने औपचारिक भ्रमणमा आएकी भियतनामका उपराष्ट्रपति भो थि आन सुआनबीच प्रतिमण्डलस्तरीय भेटवार्ता भएको छ । आइतबार भएको भेटमा उनीहरुबीच दुवै मुलुकमा धार्मिक समानता रहेको र धार्मिक तथा सांस्कृतिक पर्यटनका प्रचुर सम्भावनालगायतका विषयमा छलफल भएको थियो । उनीहरुबीच मित्रवत्, न्यानो र सौहार्द रुपमा भेटवार्ता सम्पन्न भएको जानकारी गराउँदै परराष्ट्र मन्त्रालयका सहसचिव प्रकाश अधिकारीले द्विपक्षीय, क्षेत्रीय र अन्तरराष्ट्रिय विषयका बारेमा विचार आदानप्रदान भएको जानकारी दिए ।

दुवै मुलुकबीचको सम्बन्ध मित्रता, सद्भावना र सार्वभौमिकताको सम्मानमा आधारित रहेको र अन्तरराष्ट्रिय मञ्चमा साझा धारणाका साथ अघि बढ्ने सम्बन्धमा उनहरुबीच कुराकानी भएको थियो । दुवै उपराष्ट्रपतिबीच मन्त्रालयगत र विभिन्न तहमा भ्रमण आदानप्रदान गर्ने सहमति पनि भएको छ । दुवै मुलुकबीच हवाई उडान सम्बन्ध विस्तारका लागि आपसी छलफल गर्ने विषयमा कुराकानी भएको सहसचिव अधिकारीले बताए ।

भियतनाम उच्च आर्थिक वृद्धिदर भएको मुलुक रहेकाले नेपालले त्यहाँबाट सिक्नसक्ने र लगानीको सम्भावनाका विषयमा उनहरुबीच छलफल भएको सहसचिव अधिकारीले बताए । द्विपक्षीय व्यापार, लगानी, डिजिटल प्रविधिलगायत विषयमा र जनस्तरको सम्बन्ध अघि बढाउने विषयमा उनहरुबीच कुराकानी भएको थियो ।

भियतनामका तर्फबाट भएको यो पहिलो उच्चस्तरीय भ्रमण हो ।

यो वर्ष नेपाल र भियतनामबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ५०औँ वर्षगाँठसमेत परेकाले यस भ्रमणलाई विशेष महत्वका साथ हेरिएको छ । उपराष्ट्रपति भो थि आन सुआन उपराष्ट्रपति यादवको मैत्रिपूर्ण निमन्त्रणामा नेपालको औपचारिक भ्रमणका लागि शनिबार यहाँ आइपुगेकी हुन् । उपराष्ट्रपति सुआन भ्रमण सम्पन्न गरी भदौ ९ गते स्वदेश फिर्ता हुने तालिका छ । रासस

# आर्थिक वृद्धिदर ४.६१ र मुद्रास्फीति ४.०६ प्रतिशत

**काठमाडौँ ।**
अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्ष २०८१र८२ मा आर्थिक वृद्धिदर बढेको र मुद्रास्फीति घटेको देखिएको छ । नेपाल राष्ट्र बैंकले आइतबार सार्वजनिक गरेको गत आर्थिक वर्षको वार्षिक तथ्याङ्कमा आधारित मुलुकको आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार सूचकहरु सकारात्मक बन्दै गएको देखिएको हो ।

राष्ट्र बैंकका अनुसार गत आर्थिक वर्ष २०८१–८२ मा आर्थिक वृद्धिदर चार दशमलव ६१ प्रतिशत रहेको अनुमान छ । अघिल्लो वर्ष आर्थिक वृद्धिदर तीन दशमलव ६७ प्रतिशत रहेको थियो । त्यस्तै, गत आवमा वार्षिक औसत मुद्रास्फीति चार दशमलव ०६ प्रतिशत रहेको छ । अघिल्लो आवमा यस्तो मुद्रास्फीति पाँच दशमलव ४४ प्रतिशत रहेको थियो ।

राष्ट्र बैंकका अनुसार गत आवमा शोधनान्तर स्थिति पाँच खर्ब ९४ अर्ब ५४ करोड रुपैयाँले बचतमा रहेको छ । अघिल्लो वर्ष शोधनान्तर स्थिति पाँच खर्ब दुई अर्ब ४९ करोड रुपैयाँले बचतमा थियो । त्यस्तै, आयात १३ दशमलव तीन प्रतिशतले र निर्यात ८१ दशमलव आठ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष आयात एक दशमलव दुई प्रतिशतले र निर्यात तीन प्रतिशतले घटेको थियो ।

गत आर्थिक वर्षमा कुल १७ खर्ब २३ अर्ब २७ करोड रुपैयाँ बराबर विप्रेषण भित्रिएको छ । अघिल्लो आवको तुलनामा गत आवमा विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा १९ दशमलव २ प्रतिशतले र अमेरिकी डलरमा १६ दशमलव ३ प्रतिशतले बढेको हो । गत असार महिनाको विप्रेषण आप्रवाह मात्रै एक खर्ब ८९ अर्ब ११ करोड रुपैयाँ छ ।

त्यसैगरी, २०८१ असार मसान्तमा २० खर्ब ४१ अर्ब १० करोड रुपैयाँ बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति ३१ दशमलव दुई प्रतिशतले वृद्धि भई २०८२ असार मसान्त सम्मा २६ खर्ब ७७ अर्ब ६८ करोड रुपैयाँ पुगेको छ । कुल विदेशी विनिमय सञ्चिति अमेरिकी डलरमा १९ अर्ब ५० करोड बराबर हो । यो सञ्चितिले १५ दशमलव ४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको राष्ट्र बैंकले जनाएको छ । अर्थतन्त्रका बाह्य सूचकहरु सुधार हुँदै जाँदा विप्रेषण आप्रवाह, विदेशी मुद्रा सञ्चिति र निर्यात हालसम्मकै उच्च अवस्थामा पुगेको छ ।

त्यसैगरी गत आवमा विस्तृत मुद्राप्रदाय १२ दशमलव ५ प्रतिशतले बढेको छ ।

अघिल्लो आव यस्तो मुद्राप्रदाय १२ दशमलव ९ प्रतिशतले बढेको थियो । बैंक तथा वित्तीय संस्थाको निक्षेप सङ्कलन १२ दशमलव ६ प्रतिशतले वृद्धि भई ७२ खर्ब ६४ अर्ब रुपैयाँ पुगेको छ भने निजी क्षेत्रमा प्रवाहित कर्जा आठ दशमलव चार प्रतिशतले वृद्धि भई ५४ खर्ब ९८ अर्ब रुपैयाँ पुगेको छ । रासस

# 'कोशी प्रदेश स्वास्थ्य नीति' सार्वजनिक

**मोरङ ।**
कोशी प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयले 'कोशी प्रदेश स्वास्थ्य नीति २०८२' आइतबार सार्वजनिक गरेको छ । प्रदेशका सबै नागरिक शारीरिक, मानसिक, सामाजिक र भावनात्मक रूपमा स्वस्थ रही उत्पादनशील जीवनयापन गर्न सक्षम हुन भन्ने उद्देश्यसहित स्वास्थ्य नीति सार्वजनिक गरिएको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

स्वास्थ्य नीतिमा छ उद्देश्य, २६ वटा नीति तथा रणनीति रहेका स्वास्थ्य मन्त्रालयका सूचना अधिकारी डा केनिन राईले जानकारी दिए । प्रदेश सरकारको गत साउन १६ गतेको मन्त्रिपरिषद् बैठकले प्रदेश स्वास्थ्य नीति स्वीकृत गरेको थियो ।

मन्त्रिपरिषद्बाट स्वीकृत भएको स्वास्थ्य नीति आइतबार वेबसाइट र मन्त्रालयको सामाजिक सञ्जाल फेसबुक पेजमा राखिएको सूचना अधिकारी राईले बताए ।

उनका अनुसार स्वास्थ्य नीतिमा प्रदेशमा सर्वसुलभ र गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाका लागि पर्याप्त र व्यवस्थित पूर्वाधार नहुनु, प्रदेश तहका अस्पतालबाट कतिपय सेवाहरू गुणस्तरीय रूपमा प्रवाह हुन नसक्नु, स्वास्थ्य क्षेत्रको आवश्यकताअनुसार पर्याप्त जनशक्तिको दरबन्दी नहुनु, उपलब्ध जनशक्तिको उचित व्यवस्थापन हुन नसक्नु, स्वास्थ्य क्षेत्रमा आवश्यकताअनुसार पर्याप्त र उचित लगानी हुन नसक्नुलगायत समस्या उल्लेख गरिएको छ ।

त्यस्तै, विशेषज्ञ चिकित्सकीय सेवा र सघन उपचार सेवा विस्तार हुन नसक्नु, पाँच वर्षमुनिका एक तिहाइ बालबालिकामा रक्तअल्पता र प्रजनन उमेरका महिलामा न्यून पोषणको समस्या व्याप्त हुनु, क्षयरोग, कुष्ठरोग, उपेक्षित उष्णप्रदेशीय रोग तथा कीटजन्य रोगको सङ्क्रमणदर प्रदेशमा उच्च हुनु मुख्य समस्याका रूपमा रहेका छन् ।

स्वास्थ्य नीतिको लक्ष्य 'स्वस्थ मानव पुँजी, समृद्ध प्रदेश' रहेको मन्त्रालयका सूचना अधिकारी राईले जानकारी दिए । प्रदेशभित्रका विद्यमान, सम्भावित, उदीयमान, पुनःउदीयमान र स्वास्थ्य चुनौतीहरू समाधान गर्न प्रदेश स्वास्थ्य नीति बनाइएको उनले बताए ।

राष्ट्रिय मानसिक स्वास्थ्य सर्वेक्षण (२०२०) अनुसार कोशी प्रदेशमा मानसिक स्वास्थ्य समस्या अन्य प्रदेशको तुलनामा उच्च रहेको पाइएको छ । उक्त सर्वेक्षणका अनुसार मानसिक रोगको व्यापकता १३ दशमलव ९५, किशोरावस्थामा मानसिक रोग ११ दशमलव ४५, मद्यपानको लतका कारण छ दशमलव ५५, लागुऔषधको दुर्व्यसनका कारण शून्य दशमलव ४५ र आत्महत्याको सोचको व्यापकता १० दशमलव ६५ रहेको छ । रासस

# खाद्य वस्तुमा उच्च मूल्यवृद्धि

**काठमाडौँ ।**
गत आर्थिक वर्ष २०८१–८२ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति चार दशमलव शून्य छ प्रतिशत रहेको छ ।

नेपाल राष्ट्र बैंकले आइतबार सार्वजनिक गरेको गत आवको वार्षिक तथ्याङ्कमा आधारित मुलुकको आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार मूल्यवृद्धि वाञ्छित सीमाभित्र देखिए पनि गैरखाद्य वस्तुमा भन्दा दैनिक उपभोग्य खाद्य वस्तुमा मूल्य बढेको देखिएको हो ।

राष्ट्र बैंकका अनुसार अघिल्लो आवको तुलनामा गत आवमा खाद्य तथा पेयपदार्थ समूहअन्तर्गत तरकारी उपसमूहको मूल्यवृद्धि १० दशमलव ७१, घ्यू तथा तेलको आठ दशमलव ७२, दाल तथा गेडागुडीको सात दशमलव ९० र खाद्य तथा खाद्यजन्य पदार्थको छ दशमलव १३ प्रतिशतले बढेको छ ।

मरमसला उपसमूहको मूल्य सूचकाङ्क दुई दशमलव ६२ प्रतिशत र माछा तथा मासुको शून्य दशमलव ३४ प्रतिशतले घटेको देखिएको छ । गैरखाद्य तथा सेवा समूहअन्तर्गत विविध वस्तु तथा सेवाहरू उपसमूहको मूल्यवृद्धि नौ दशमलव ३९, कपडाजन्य तथा जुत्ताचप्पलको छ दशमलव शून्य नौ, मदिराजन्य पेय पदार्थको पाँच दशमलव ६५, फर्निसिङ तथा घरायसी उपकरणको चार दशमलव ७८ र सुर्तीजन्य पदार्थको चार दशमलव ३७ प्रतिशत रहेको छ ।

त्यस्तै, गत आवमा खाद्य तथा पेय पदार्थ समूहको वार्षिक औसत उपभोक्ता मुद्रास्फीति चार दशमलव ६९ प्रतिशत रहेको राष्ट्र बैंकले जनाएको छ । अघिल्लो आवमा उक्त समूहको मुद्रास्फीति छ दशमलव ४७ प्रतिशत रहेको थियो ।

गैरखाद्य तथा सेवा समूहको वार्षिक औसत उपभोक्ता मुद्रास्फीति तीन दशमलव ७१ प्रतिशत रहेको छ । अघिल्लो आवमा उक्त समूहको मुद्रास्फीति चार दशमलव ६४ प्रतिशत थियो ।

गत आवमा काठमाडौँ उपत्यकाको वार्षिक औसत उपभोक्ता मुद्रास्फीति तीन दशमलव ७७, तराईको चार दशमलव १४, पहाडको तीन दशमलव ८६ र हिमालको चार दशमलव ८९ प्रतिशत रहेको राष्ट्र बैंकले आइतबार सार्वजनिक गरेको प्रतिवेदनमा जनाइएको छ ।

ग्रामीण क्षेत्रको वार्षिक औसत उपभोक्ता मूल्य सूचकाङ्क चार दशमलव ४० प्रतिशत र सहरी क्षेत्रको तीन दशमलव ९४ प्रतिशतले बढेको छ ।

प्रदेशगत रूपमा कोशीको वार्षिक औसत उपभोक्ता मुद्रास्फीति पाँच दशमलव ४६, मधेशको चार दशमलव १४, बागमतीको तीन दशमलव ५७, गण्डकीको तीन दशमलव ३२, लुम्बिनीको तीन दशमलव ७०, कर्णालीको तीन दशमलव ३१ र सुदूरपश्चिम प्रदेशको पाँच दशमलव शून्य दुई प्रतिशत रहेको छ । रासस

# समाजवादी यात्राको आधार उत्पादनः दाहाल



**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले कृषि, उद्योग, जडीबुटी, पर्यटनजस्ता स्थानीय सम्भावनामा आधारित आत्मनिर्भर अर्थतन्त्र निर्माण तथा पार्टीलाई समाजवादतर्फ रुपान्तरण गर्ने आधार उत्पादन भएको बताएका छन् ।

पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा भएको आर्थिक उत्पादन विभागको पहिलो बैठकमा उनले भने, 'हामी समाजवादको यात्रातर्फ जाँदैछौँ भने त्सको मूल आधार उत्पादन हो । उत्पादनका निम्ति सिङ्गो पार्टी केन्द्रित नभई समाजवाद सम्भव हुँदैन ।'

हेटौँडा महाधिवेशनले लिएको 'युद्ध होइन, उत्पादन संघर्ष' निर्णय कार्यान्वयन गर्न नसकिएको स्वीकार गर्दै अब पार्टीले जनतासँग प्रत्यक्ष जोडिन, समुदायमा फर्किन र उत्पादनलाई प्राथमिकतामा राख्न अभियान चलाउने अध्यक्ष दाहालले बताए । रासस

# जनतालाई खुसी बनाउने गरी सेवा



**तनहुँ ।**
सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेले जनतालाई खुसी बनाउने गरी सेवालाई चुस्त बनाउनुपर्ने बताएकी छिन् । तनहुँको शुक्लागण्डकी नगरपालिकाले आज यहाँ आयोजना गरेको स्वागत एवं भेटघाट कार्यक्रममा उनले सार्वजनिक निकायबाट प्रवाह हुने सेवा पारदर्शी र सुशासनयुक्त हुनुपर्ने उल्लेख गरिन् ।

राजनीति गर्नेका लागि जनता नै सबैभन्दा माथि रहने भन्दै मन्त्री न्यौपानेले जनताको सुविधाका लागि जनप्रतिनिधिले काम गर्नुपर्नेमा जोड थियो । उहाँले सार्वजनिक निकायबारे जनताले उठाएका प्रश्न सम्बोधन गर्नेतर्फ जनप्रतिनिधि लाग्नुपर्ने बताइन् ।

मन्त्री न्यौपानेले भनिन्, 'जनता खुसी र सुखी हुनुपर्छ । सार्वजनिक निकायले पारदर्शी भएर सेवालाई चुस्त दुरुस्त बनाउन लाग्नुपर्छ । जनताले गर्ने प्रश्नबाट भाग्ने होइन समाधान गर्ने हो ।' उनले विकासका कामले गति लिए पनि जनता यत्तिमै सन्तुष्ट नरहेकाले गति बढाउन लाग्नुपर्ने धारणा राखिन् ।

मन्त्री न्यौपानेले पछिल्लो समय सामाजिक सञ्जालको दुरुपयोग बढेकाले समाजलाई नकारात्मक सन्देश प्रवाह भइरहेको भन्दै प्रविधिको दुरुपयोग रोक्न आवश्यक रहेको बताइन् । शुक्लागण्डकी नगरपालिका प्रमुख कृष्णराज पण्डितले नगरपालिकाले प्रवाह गरिरहेको सेवाका बारेमा मन्त्री न्यौपानेलाई जानकारी गराएकी थिइन् । रासस

# ५६ वर्षदेखि गुर्गी सिँचाइ आयोजना अलपत्र



**कैलाली ।**
कैलारी गाउँपालिका–२ कुकुरभुक्कामा झण्डै ५६ वर्षअघि निर्माण गरिएको गुर्गी सिँचाइ आयोजना अलपत्र परेको छ । आर्थिक वर्ष २०६२–६३ मा बनाइएको पक्की बाँध २०६४ सालमा आएको बाढीले भत्काएपछि सो आयोजना हालसम्म अलपत्र परेको हो ।
गुर्गी सिँचाइ आयोजना निर्माणका लागि बर्सेनि बजेट विनियोजन हुँदै आए पनि निर्माण अघि बढ्न सकेको छैन । पानीको स्रोत सुनिश्चितता नभएका कारण बजेट फ्रिज हुँदै आएको सुदूरपश्चिम प्रदेशको भौतिक पूर्वाधार मन्त्रालयअन्तर्गतको जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय धनगढीले जनाएको छ ।
सुदूरपश्चिम प्रदेश सरकारले आयोजनाका लागि आव २०७५–७६ मा २० लाख रुपैयाँ र प्रशासनिक खर्चका लागि कैलारी गाउँपालिका कार्यालयले एक लाख ५० हजार रुपैयाँ विनियोजन गरेको थियो । आव २०७९–८० मा योजना निर्माणको प्रक्रिया अघि बढाउन प्रदेश सरकारले छ करोड रुपैयाँ विनियोजन गरे पनि खर्च हुन नसकेर फ्रिज गएको थियो । आव २०८०–८१ मा १२ करोड रुपैयाँ विनियोजन गरेको प्रदेश सरकारले २०८१–८२ मा पाँच करोड रुपैयाँ रकम विनियोजन गरिए पनि खर्च हुन नसकेर फ्रिज भएको जनाइएको छ ।
आयोजना अघि बढाउन हरेक वर्ष बजेट विनियोजन गरिँदै आए पनि पानीको स्रोत सुनिश्चितता नभएकाले आयोजना निर्माणका लागि पुनः डिपिआर तयार गर्नुपर्ने जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालयका इञ्जिनियर टेकराज विनाडीले बताए ।
उनले आव २०८१–८२ मा कार्यालयले आयोजनालाई ठेक्का प्रक्रियामा लैजान ४४ करोड रुपैयाँ लागत अनुमानको प्रतिवेदन तयार गरी आर्थिक मामिला मन्त्रालयमा पेस गरेको भए पनि मन्त्रालयले ३० करोड रुपैयाँ लागत अनुमानको प्रतिवेदन स्वीकृत गर्दा ठेक्का सम्झौता कार्य अघि बढ्न नसकेको बताए ।
उनले आयोजनाको डिपिआरका लागि बजेटको माग गरिएको बताउँदै बजेटको सुनिश्चितता भएपछि डिपिआरको काम अघि बढ्ने जानकारी दिए ।
झण्डै दुई दशकअघि भत्केको बाँध अहिलेसम्म बन्न नसकेपछि किसान नहरको पानी उपभोग गर्नबाट वञ्चित हुँदै आएको स्थानीय दयाराम चौधरीले बताए ।
वर्षौं पुरानो सिँचाइ आयोजनामध्ये गुर्गी सिँचाइ आयोजनाको बाँध २०२६ सालमा तत्कालीन जमिनदार रामदिन महतो, छिमानन्द र देशराज महतोले आफ्ना रैतीमार्फत बनाएको बताइन्छ । आव २०६२–६३ मा पक्की बाँध बनाइए पनि २०६४ सालमा आएको बाढीले आयोजनाको बाँध भत्काएपछि सो आयोजना निर्माणको काम अहिलेसम्म अघि बढ्न नसकेको चौधरीको गुनासो छ ।
आयोजना बन्द भएर नहरसमेत अतिक्रमण भएपछि कैलारीका वडा नं १, २, ५ र ७ वडाका किसानले सिँचाइ अभावमा यस क्षेत्रका किसानले अकासे पानी र बोरिङको भरमा खेतीपाती गर्नुपर्ने बाध्यता छ ।
जिल्लाकै नमूना रहेको सो योजनाबाट झण्डै छ हजार बढी किसान लाभान्वित हुँदै आएका थिए । बाढीले योजनाको बाँध भत्काएछि अकासे पानीको भर पर्नुपरेको किसानको गुनासो छ ।
सिँचाइ योजनाबाट एक हजार चार सयभन्दा बढी हेक्टर जमिनमा सिँचाइ उपलब्ध हुँदै आएको जनाइएको छ ।
सिँचाइ विकास डिभिजन कार्यालयको सर्भेअनुसार योजनाको लागत ४४ करोड रुपैयाँ अनुमान गरिएको छभने एक हजार ८ सय हेक्टर जमिनमा सिँचाइ सुविधा पुग्नेछ ।
योजनाबाट कैलारी–१ का बिसनपुर, लवलपुर, मनाउ, हरिनगर, डम्मरा गाउँ, वडा नं ५ का सडकपुर, पबेरा, गोब्रैला, जग्दहवा, मनिकापुर, बैसपुर गाउँ र वडा नं ७ का रतनपुर, सिउपुर, नारायणपुर, वसन्ता, छटकपुर वसन्ता, भुँइयाफाटा, रामपुर गाउँका किसान लाभान्वित हुने जनाइएको छ ।
यसैगरी सुदूरपश्चिम प्रदेशसभाअन्तर्गतको संसदीय उपसमिति अर्थ, विकास तथा प्राकृतिक समितिले एक हप्ताअघि सो बाँधको स्थलगत अनुगमनपश्चात सार्वजनिक सुनुवाइ गरेको थियो । आयोजना ढिलाइ सम्बन्धमा समितिले यस क्षेत्रका किसानसँग सुनुवाइ कार्यक्रम शुरू भएलगत्तै स्थानीय किसानले कार्यक्रम नै बहिष्कार गरेको प्रदेशसभा सदस्य शिवसिं वलीले जानकारी दिए । रासस

# पाँच वर्षदेखि पुल अधुरै

**सिन्धुपाल्चोक ।**
सिन्धुपाल्चोकको जुगल गाउँपालिकास्थित ब्रह्मायणी नदीमा निर्माणाधीन मोटरेबल पक्की पुल पाँच वर्षदेखि अलपत्र परेको छ । दुई वर्षमा निर्माण सम्पन्न गर्नेगरी आठ करोड रुपैयाँमा पुल निर्माण गर्न सूर्य जेभी निर्माण कम्पनीले जिम्मा पाएको थियो । विसं २०७८ चैत २३ गते तत्कालीन सभामुख अग्निप्रसाद सापकोटाले जुगल गाउँपालिका–१ र ५ जोड्ने ६३ मिटर लामो पुलको शिलान्यास गरेका थिए ।
जुगल गाउँपालिका उपाध्यक्ष हिमाल श्रेष्ठका अनुसार स्थानीय सरकारले पटकपटक निर्माणकार्य अघि बढाउन आग्रह गरे पनि निर्माणमा संलग्न व्यवसायीले बेवास्ता गरिरहेको छ । उनका अनुसार पुल बनेपछि साविकको सेलाङ र गोल्चे गाविसका बासिन्दा लाभान्वित हुनेछन् । मुख्य ठेकेदारले पेटी ठेकेदारलाई निर्माणको काम जिम्मा दिएर ठेकेदार सम्पर्कविहीन हुँदै आएको उपाध्यक्ष श्रेष्ठ बताउँछन् ।
निर्माणको जिम्मा पाएको सूर्य जेभी निर्माण कम्पनीका प्रोपाइटर गणेश आर्चाय 'ड्रइङ डिजाइन'को 'एप्रुभ' भइसके पनि चरिकोट



डिभिजन कार्यालयले भिओ नबनाइदिएको कारण काम शुरू नभएको बताउँछन् । 'हामी पुलको काम तत्काल‌ै गर्न चाहन्थ्याँै तर सडक डिभिजन कार्यालय चरिकोटले भिओ नबाइदिएको कारण काम गर्न गाह्रो भयो', उनले भने । सडक डिभिजन कार्यालय चरिकोटले दुई वर्षदेखिको बिल भुक्तानी नगरेको उनको दाबी छ । पुलको बीचको पिलर १० इन्च फरक परेको र सोको ड्रइङ पुनः निर्माण गरेर एप्रुभ भइसकेकाले भिओ र बिल भुक्तानीको काम नरोकिने सडक डिभिजन कार्यालय चरिकोटका डिभिजन प्रमुख आकाश श्रेष्ठ बताउँछन् ।
जुगल गाउँपालिका–५ का वडाध्यक्ष रवीन्द्र घिमिरे पुल निर्माण अघि नबढ्दा जनताले सास्ती भोग्नुपरेको बताउँछन् । नदी वारिपारि गर्न झोलुङ्गे पुल भए पनि जीर्ण भएकाले जोखिम रहेको उन बताउँछन् । रासस

# एकहजार फाँटको धानबालीमा मरुवा रोग



**गोरखा।**
गोरखामा करिब चार सय रोपनी क्षेत्रफलमा लगाइएको धानबालीमा धान मरुवा रोगको समस्या देखिएको छ। जिल्लाको पालुङटार नगरपालिकाका तीनवटा वडामा लगाइएको धानबालीमा मरुवा रोग लागेको पाइएको कृषि ज्ञान केन्द्रका बाली संरक्षण अधिकृत अब्बादत्त विष्टले जानकारी दिए।
पालुङटारको वडा नं ४, ६ र ८ मा गरी झण्डै चार सय १० रोपनी क्षेत्रमा लगाइएको धानबालीमा मरुवा रोग फैलिएको छ, सबैभन्दा धेरै वडा नं ८ स्थित एकहजार फाँटको द्वारटारमा समस्या देखिएको छ । रोगका कारण ती क्षेत्रमा धानका रोपो सुकिसकेको अधिकृत विष्टले जानकारी दिए।
'किसानले ज्ञान केन्द्रमा जानकारी गराएपछि कृषि प्राविधिकसहितको टोली खेतमै पुगेर रोगको अध्ययन गरिसकेका छौँ, रोग फैलिएका क्षेत्रका धानबाली सुकिसकेको अवस्था छ', उनले भने। मरुवा रोग धानबालीमा लाग्ने एक प्रकारको ढुसी कीरा हो । समयमा नै ढुसीनासक औषधिको प्रयोग गर्नसके रोग नियन्त्रण गर्न सकिने उनको भनाइ छ।
त्यस क्षेत्रमा विशेषगरी गोरखनाथ, सावित्री र मन्सुली जातको धानबालीमा मरुवा रोग देखिएको छ । सोही फाँटमा लगाइएको राम धानमा भने मरुवा रोगको प्रकोप नदेखिएको अधिकृत विष्टले बताए । पालुङटार नगरपालिका वडा नं ४ र ६ मा पनि धानबालीमा रोग देखिएको छ । त्यहाँ करिब १० रोपनी धानखेतमा मरुवा रोग देखिएको उनले जानकारी दिए।
रोग लागेको क्षेत्रका किसानलाई ढुसीनासक औषधि उपलब्ध गराउनुका साथै 'स्प्रे' पनि गरिसकिएकाले ५० प्रतिशत धानबाली जोगाउन सकिने विश्वास गरिएको अधिकृत विष्टको भनाइ छ । 'किसानले धानको बीउ खरिद गर्दादेखि नै विशेष ख्याल नपुर्याउँदा समस्या हुन्छ,' उनले भने, 'धानको जातले पनि मरुवा रोग लाग्ने वा नलाग्ने हुनसक्छ।' रासस

# नेप्से परिसूचक १८ अङ्कले घट्यो

**काठमाडौँ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक १८ दशमलव शून्य दुई अङ्कले घटेर दुई हजार ७३९ दशमलव ९५ को बिन्दुमा कायम भएको छ । परिसूचक शून्य दशमलव ६५ प्रतिशतले घटेको हो । आइतबार ३ सय २३ कम्पनीको एक करोड ४० लाख नौ हजार ७ सय ८ कित्ता शेयर ५८ हजार १ सय ५ पटक खरिदबिक्री हुँदा छ अर्ब ५४ करोड ८६ लाख ३८ हजार रुपैयाँको कारोबार भएको छ।
उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव १५ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ। बैंकिङ शून्य दशमलव ८८, विकास बैंक एक दशमलव ६९, वित्त शून्य दशमलव ५३, होटल तथा पर्यटन शून्य दशमलव ६८ र जलविद्युत् एक दशमलव १९ प्रतिशतले घटेको छ।
त्यस्तै, लगानी शून्य दशमलव ७८, जीवन बिमा शून्य दशमलव ४४, लघुवित्त शून्य दशमलव १५, म्युचुअल फण्ड शून्य दशमलव १६, निर्जीवन बिमा शून्य दशमलव ५०, व्यापार शून्य दशमलव १९ र अन्य समूह शून्य दशमलव १० प्रतिशतले घटेको छ।
विकास हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्यमा आइतबार सकारात्मक सर्किट लागेको छ । सबैभन्दा बढी नारायणी डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्य सात दशमलव २९ प्रतिशतले घटेको छ।
कारोबार रकम र शेयर संख्याका आधारमा आइतबार सबैभन्दा बढी हिमालयन डिस्टिलरी लिमिटेडको एक अर्ब ७५ करोड ७९ लाख ३० हजार ३ सय ८६ रुपैयाँ बराबरको १२ लाख ७४ हजार २ सय २५ कित्ता शेयर किनबेच भएको छ। रासस

# युक्रेनको स्वतन्त्रता दिवसमा रुसमाथि ड्रोन आक्रमण

**युक्रेन ।**
युक्रेनले आइतबार रुसमाथि ड्रोन आक्रमणको लहर शुरू गरेको छ । ड्रोन आक्रमणबाट युक्रेनी स्वतन्त्रता दिवसको अवसरमा आणविक ऊर्जा संयन्त्रमा आगलागी गराएको छ भने हालैका शान्ति प्रयासहरूको आशा मेटाएको छ । रुसी र युक्रेनी राष्ट्रपतिहरू बीच शिखर बैठकका लागि मध्यस्थता गर्ने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको दबाबलाई लिएर भ्लादिमिर पुटिन र भोलोदिमर जेलेन्स्कीबीच तत्काल कुनै बैठक नहुने घोषणा रुसले गरेपछि शुक्रबार शान्ति सम्भावना कमजोर भएको थियो ।
साढे तीन वर्षदेखि जारी युद्धले दशौँ हजार मानिसको ज्यान लिइसकेको छ । सङ्घर्ष अब गतिरोधमा पुगेको देखिए पनि रुसले पूर्वी डोनेट्स्क क्षेत्रमा दुई गाउँ नियन्त्रणमा लिएको दाबी गरेको छ । युक्रेनले आइतबारको नयाँ आक्रमणमा रूसी भूभागमा ड्रोन आक्रमण गर्दा पश्चिमी रुसको कुर्स्क आणविक ऊर्जा संयन्त्रलाई लक्ष्य बनाएको थियो । आक्रमणपछि विस्फोट र आगलागी भयो । तर संयन्त्रका अधिकारीहरूले आगो निभाइसकेको र कुनै हताहत वा विकिरण स्तर बढेको नदेखिएको जानकारी दिएका छन् ।
अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आइएइए) ले सन् २०२२ फेब्रुअरीमा रुसले युक्रेनमा पूर्ण आक्रमण शुरू गरेदेखि नै आणविक संयन्त्र नजिकका लडाइँहरू गम्भीर जोखिम भएको चेतावनी दिँदै आएको छ ।
रूसी अधिकारीहरूले युक्रेनी ड्रोनहरू उत्तरपश्चिममा सेन्ट पिटर्सबर्गजस्ता टाढा क्षेत्रसम्म खसालिएको बताएका छन् । फिनल्यान्डको खाडीस्थित उस्ट–लुगा बन्दरगाहमा १० ड्रोन आक्रमणपछि रूसी ऊर्जा समूह नोभाटेकको स्वामित्वमा रहेको इन्धन टर्मिनलमा आगलागी भएको गभर्नर अलेक्जान्डर ड्रोज्डेन्कोले टेलिग्राममार्फत बताए ।
विशेषगरी रुसको तेल पूर्वाधारलाई निशाना बनाएर मस्कोको युद्धका लागि आवश्यक आम्दानीमा प्रहार गर्ने उद्देश्यले युक्रेनको सानो तर लडाइँमा प्रतिबद्ध सेना ड्रोनमाथि ठूलो भर परिरहेको छ । युद्ध शुरू भएदेखि रुसमा इन्धनको मूल्य बढेको छ ।
यसैबीच युक्रेनले रुसले रातभर ब्यालेस्टिक मिसाइल र ७२ इरानी निर्मित 'साहेद' ड्रोन आक्रमण गरेको दाबी गरेको छ । ती आक्रमणमा युक्रेनी हवाई सेनाले ४८ वटा खसालेको बताइएको छ । रूसी ड्रोन आक्रमणमा पूर्वी ड्निप्रोपेट्रोभस्क क्षेत्रमा ४७ वर्षीया महिलाको मृत्यु भएको गभर्नरले जनाएका छन् ।

**युक्रेन लडाकू हो**

सन् १९९१ मा सोभियत सङ्घको विघटनसँगै स्वतन्त्र बनेको युक्रेनले यसपटक स्वतन्त्रता दिवस युद्धबीच मनाएको छ ।
'युक्रेनले शान्तिको आह्वान गर्दा पनि यस्तो आक्रमण भइरहेका छन्', राष्ट्रपति जेलेन्स्कीले आफ्नो सम्बोधनमा भने, 'आइतबार अमेरिका र युरोप दुवै सहमत छन् ः युक्रेन अझै पूर्ण विजय हासिल गर्न सकेको छैन, तर पराजित पनि भएको छैन । युक्रेनले आफ्नो स्वतन्त्रता सुरक्षित गरेको छ । युक्रेन पीडित होइन; यो लडाकू राष्ट्र हो ।'क्यानाडाका प्रधानमन्त्री मार्क कार्नीले पनि किएभमा पुगेर 'युक्रेनका लागि न्यायपूर्ण र स्थायी शान्ति' को माग गर्दै ऐक्यबद्धता जनाएका छन् । जेलेन्स्कीले ट्रम्प, चिनियाँ राष्ट्रपति सी जिनपिङ, बेलायती राजा चाल्र्स र पोपलगायत अन्य विश्व नेताहरूले पठाएका सन्देशप्रति आभार व्यक्त गरे ।
रुसले हाल क्रिमियन प्रायद्वीपसहित युक्रेनको करिब पाँचौँ भाग नियन्त्रणमा लिएको छ । क्रिमियन प्रायद्वीप रुसले सन् २०१४ मै कब्जा गरेको थियो । युद्धले लाखौँ मानिसलाई घरबारविहीन बनाएको छ र पूर्वी तथा दक्षिणी युक्रेनका सहर तथा गाउँहरू ध्वस्त पारेको छ । पुटिनले युक्रेन र पश्चिमतर्फबाट आएका तत्काल र बिना शर्त युद्धविरामका आह्वानलाई बारम्बार अस्वीकार गर्दै आएको छ ।
शुक्रबार रूसी विदेशमन्त्री सर्गेई लाभरोभले 'पुटिन र जेलेन्स्कीबीच कुनै बैठकको योजना नरहेको' बताउनुभएको थियो । उनले ट्रम्पको मध्यस्थता प्रयास अवरुद्ध भएको देखिएको बताए । यसैबीच, जेलेन्स्कीले रुसमाथि आक्रमणलाई लम्ब्याउने आरोप लगाउनुभयो । एएफपी

# पर्यटक आकर्षित गर्न ‘नेपाल आर्ट एण्ड कल्चर’ महोत्सव



**काठमाडौँ।**
पर्यटक आकर्षित गर्न पहिलो पटक ‘नेपाल आर्ट एण्ड कल्चर’ महात्सव आयोजना हुने भएको छ।

नेपाल पर्यटन बोर्ड र नेपाल आर्ट काउन्सिलले काठमाडौँ उपत्यकाका चारवटै महानगरपालिकासँगको सहकार्यमा पहिलोपटक नेपाल आर्ट एण्ड कल्चर महोत्सव आयोजना गर्ने आइतबार यहाँ आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको हो। सम्मेलन यही भदौ २० देखि आगामी असोज १० गतेसम्म काठमाडौँ, ललितपुर, भक्तपुर र कीर्तिपुरमा आयोजना हुनेछ।

सम्मेलनको उद्देश्यबारे जानकारी गराउँदै नेपाल आर्ट काउन्सिलका अध्यक्ष सागरशमशेर राणाले नेपालमा मात्रै नभई विदेशमा यस्ता सांस्कृतिक पर्वहरूले ठूलो महत्त्व राख्ने भएकाले यसलाई अन्तरराष्ट्रियस्तरसम्म पु¥याउन महोत्सव आयोजना गर्न लागिएको जानकारी दिए। उनले कार्यक्रमले स्वदेशी तथा विदेशी पर्यटक दुवैलाई आकर्षित गर्ने उद्देश्य राखेको बताए।

नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) दीपकराज जोशीले नेपाल प्रायः साहसिक पर्यटनको गन्तव्यका रूपमा चिनिए पनि यो महोत्सवमार्फत नेपाललाई सांस्कृतिक वैभव र धरोहरहरूको भण्डारका रूपमा प्रस्तुत गर्ने प्रयास गरिएको स्पष्ट पारे।

उनले भने, ‘हाम्रो विशिष्ट संस्कृतिलाई जगेर्ना गर्दै धरोहरहरूको वैभवतालाई संसारभर चिनाउनुपर्छ । यस किसिमको महोत्सवले नेपालमा पर्यटकको संख्या बढाउनुका साथै आर्थिक आम्दानीमा योगदान पु¥याउने विश्वास लिएका छौँ।’

महोत्सव सञ्चालन समितिका प्रमुख एवम् नेपाल होटल व्यवसायी सङ्घ (हान)का अध्यक्ष विनायक शाहले नेपाल ‘लाइफटाइम एक्सपेरियन्स’ का लागि उत्कृष्ट गन्तव्य भएको उल्लेख गर्नुभयो । उनले भने, ‘नेपाल लाइफटाइम एक्सपेरियन्स लिने उत्कृष्ट गन्तव्य हो । पर्यटन र जात्रा–महोत्सव जोड्ने हाम्रो प्रयासअन्तर्गत थालिएको यस महोत्सवले एक्सपेरिमेन्टल टुरिजम्का लागि योगदान गर्ने हाम्रो विश्वास छ।’

कार्यक्रम संयोजक आयुषा श्रेष्ठले तीन सातासम्म सञ्चालन हुने यस महोत्सवमा ४० वटा कार्यक्रम आयोजना गरिने जानकारी दिइन् । इन्द्रजात्राको अवसरसँगै शुरू हुने यो महोत्सवलाई उपत्यकाका सम्पदा, कला, संस्कृतिको समग्र उत्सवका रूपमा प्रस्तुत गरिने उनले बताइन्।

‘नेपालको शाश्वत कला, संस्कृति, खानपान र सम्पदाको उत्सव’ भन्ने नारासहित शुरू हुने महोत्सवले उपत्यकाका चार पालिकासहित पर्यटनसँग सम्बन्धित सङ्घसंस्था र सरोकार भएकालाई समेटेर सांस्कृतिक प्रदर्शनी, कला–कौशल, सङ्गीत–नृत्य, परम्परागत परिकार तथा जीवित संस्कृति अनुभव गर्ने अवसर प्रदान गरिने नेपाल पर्यटन बोर्डले जनाएको छ।

उपत्यकाका पुराना सहर–काठमाडौँ, पाटन, भक्तपुर र कीर्तिपुरलाई उत्सवमय बनाउने उद्देश्यले शुरू हुन लागेको महोत्सवको तयारी अन्तिम चरणमा पुगेको आयोजकले जनाएको छ । रासस

# दाजुभाइले दिदीबहिनीको दीर्घायुका लागि व्रत बस्ने पर्व ‘अटवारी’

**कैलाली।**
पश्चिम नेपालको तराई क्षेत्रमा बसोबास गर्ने थारू समुदायले आइतबार आफ्नो मौलिक पर्व ‘अटवारी’ विशेष आस्था र हर्षोल्लासका साथ मनाउँदैछन् । माघीपछिको दोस्रो ठूलो पर्वका रूपमा लिइने अटवारी विशेषगरी पुरुषहरूले निराहार व्रत बसेर मनाउने महत्त्वपूर्ण पर्व हो । कुनै महिलाहरू पनि स्वेच्छाले व्रत बस्ने गर्छन्।

यो पर्व हरेक वर्ष श्रीकृष्ण जन्माष्टमीपछिको दोस्रो आइतबार मनाइने गरिन्छ । आइतबार मनाइने हुनाले यो पर्वलाई ‘अटवारी’ भनिएको हो । यो पर्वमा दाजुभाइले दिदीबहिनीका लागि व्रत बस्ने चलन छ । यो पर्वको धार्मिक, सामाजिक र सांस्कृतिक महत्व छ । अटवारी पर्वको धार्मिक महत्व महाभारतको कथासँग जोडिएको घोडाघोडी नगर भल्मन्सा कार्यसमितिका अध्यक्ष बुधराम चौधरी बताउँछन्।

थारू समुदायमा पाण्डव पुत्र भीमलाई वीरता र शक्तिको प्रतीकका रूपमा पुज्ने गरिन्छ। धार्मिक मान्यताअनुसार पाण्डवहरू अज्ञातबासमा रहँदा भीमले आफ्ना दाजुभाइ र परिवारको रक्षाका लागि आइतबारको दिन पानीसमेत नपिई निराहार व्रत बसेका थिए । त्यही व्रतको प्रभावले उनले अपार शक्ति प्राप्त गरेको विश्वास गरिन्छ । सोही किंवदन्तीअनुसार व्रत बस्दै अटवारी पर्व मनाउने प्रचलन रहेको अध्यक्ष चौधरीले बताए। यस पर्वमा सूर्यको पनि विशेष पूजा गरिन्छ।

अटवारी पर्वको तयारीस्वरूप बर्तालुहरूले शनिबार राति खाना खाने चलन छ, यसलाई ‘भन्सरीया भात’ भनिन्छ। नगर भल्मन्सा कार्यसमितिका अध्यक्ष चौधरीका अनुसार आइतबार बिहानैदेखि बर्तालु पानीसमेत नपिई निराहार व्रत बस्छन् । व्रत बसेको दिन स्नान गरी पूजापाठ गर्ने चलन छ।

पूजापछि विभिन्न मौलिक परिकारहरू पकाइन्छ। जसमा अन्दीको चामलको रोटी अनिवार्य हुन्छ । त्यसैगरी फुलौरी, केरा, काँक्रो, अम्बा, दही र गेडागुडीजस्ता खानेकुरा पकाइने गरेको अध्यक्ष चौधरी बताउँछन्।

यस पर्वको सबैभन्दा विशिष्ट सांस्कृतिक पक्ष ‘अग्रासन’ हो।

व्रत खोल्नुअघि तयार पारिएका सबै परिकारबाट एक–एक भाग छुट्याएर आफ्ना विवाहित तथा अविवाहित दिदीबहिनीका लागि राख्ने गरिन्छ । यही छुट्याइएको भागलाई ‘अग्रासन’ भनिन्छ । अध्यक्ष चौधरीले भने, ‘अग्रासन नछुट्याएसम्म बर्तालुले केही पनि खाँदैनन् । यो दिदीबहिनीप्रतिको अगाध स्नेह र सम्मानको प्रतीक हो।’

पर्वको दोस्रो दिन अर्थात् सोमबार बिहानै बर्तालुहरूले पुनः स्नान गरी पूजा गर्छन् । सोमवार पूजाआइतबारा गरेपछि व्रत खोलिन्छ । त्यसपछि दाजुभाइले आफ्ना दिदीबहिनीका लागि छुट्याइएको ‘अग्रासन’ र अन्य कोसेली लिएर उनीहरूको घर पुग्छन् । दिदीबहिनीले दाजुभाइलाई आशीर्वाद दिन्छन् र दाजुभाइले ल्याएको प्रसाद ग्रहण गर्छन्। यसले दाजुभाइ र दिदीबहिनीबीचको सम्बन्धलाई थप प्रगाढ बनाउने विश्वास रहेको घोडाघोडी नगर भल्मन्सा कार्यसमितिका सचिव अमन चौधरीले बताए।

अटवारी पर्वले थारू समुदायमा सामाजिक एकता र पारिवारिक सम्बन्धलाई बलियो बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने गरेको सचिव चौधरीले बताए । यो पर्व कैलाली, कञ्चनपुर, बाँके, बर्दिया, सुर्खेत र दाङलगायत जिल्लामा बसोबास गर्ने थारू समुदायले धुमधामका साथ मनाउने गर्दछन्।

पर्वको महत्वलाई सम्मान गर्दै सुदूरपश्चिम प्रदेश सरकारले आइतबार प्रदेशभर सार्वजनिक बिदा दिएको छ । यसअघि, प्रदेश सरकारले अटवारी पर्वका अवसरमा साउन २५ गते बिदा दिने निर्णय गरेको थियो। तर तिथि फरक परेकाले थारू समुदायको आग्रहमा बिदाको मिति संशोधन गरिएको हो । रासस

# सडक स्तरोन्नतिपछि धार्मिक पर्यटक लाभान्वित

**अर्घाखाँची।**
पूर्व–पश्चिम राजमार्गबाट अर्घाखाँचीको सदरमुकाम सन्धिखर्क जोड्ने गोरुसिङ्गे–सन्धिखर्क सडक विस्तार तथा स्तरोन्नति गरेपछि सुपादेउराली पुग्ने पर्यटक लाभान्वित भएका छन्।



साँघुरो खाल्टाखुल्टीसहितको पुरानो र जीर्ण बनेको गोरुसिङ्गे–सन्धिखर्क खण्डलाई फराकिलो बनाउने, नाली निर्माण गर्ने र कालोपत्र गर्ने काम गरेपछि आइतबारभोलि यात्रा सहज भएको हो।

गोरुसिङ्गेबाट सदरमुकाम सन्धिखर्कसम्म करिब ६८ किलोमिटर सडक स्तरोन्नति गरिएको हो। केही ठाउँमा सात मिटर र केही स्थानमा पाँच मिटर चौडाइमा सडक फराकिलो बनाइएको सडक डिभिजन कार्यालय शिवपुरका डिभिजन प्रमुख एवम् इञ्जिनीयर सविन कोइरालाले बताए । उनका अनुसार गोरुसिङ्गेबाट सन्धिखर्कसम्म ६७ दशमलव पाँच किमी सडक कालोपत्र गरिएको छ।

पूर्व–पश्चिम राजमार्गबाट अर्घाखाँचीको सदरमुकाम सन्धिखर्क जोड्ने गोरुसिङ्गे सन्धिखर्क सडक विस्तार तथा मर्मत कार्य तीव्रगतिमा अघि बढेको थियो । गत आर्थिक वर्षमा पहिरो रोकथाम तथा स्तरोन्नतिमा एक करोड रुपैयाँ, मर्मतमा एक करोड ५० लाख रुपैयाँ, सडक सुरक्षामा ५५ लाख रुपैयाँ, सडकको अत्यधिक मर्मतमा दुई करोड रुपैयाँ खर्च भएको प्रमुख कोइरालाले जानकारी दिए।

वर्षामा आउने पहिरोले सडकअवरुद्ध हुने भएकाले नियमित सञ्चालनका लागि दुई वटा पहिरो पन्छयाउन प्रयोग गरिने उपकरण तयारी अवस्थामा राखिएको छ। ठाँडामा जेसिभी र नरपानीमा लोडर तयारी अवस्थामा राखिएको उनले बताए । गोरुसिङ्गे–सन्धिखर्क खण्डअन्तर्गत शितगङ्गा नगरपालिकाको बसेरीको जङ्गल, अमराई, रिब्दी, सितापुर तथा सन्धिखर्क नगरपालिकाको नरपानीबाट फुद्वाङ्गसम्मको सडकमा पहिरोको उच्च जोखिममा रहेका डिभिजन प्रमुख कोइरालाले उल्लेख गरे। उनका अनुसार चालु आर्थिक वर्ष २०८२–८३ मा सडक मर्मत तथा स्तरोन्नतिका लागि रु आठ करोड ४० लाख बजेट प्राप्त भएको छ।

यो खण्ड स्तरोन्नति गरिएपछि विशेष गरी शक्तिपीठका रूपमा रहेको सुपादेउराली मन्दिरमा आउने धार्मिक पर्यटकलाई सहज भएको कोइरालाको भनाइ छ । अवरोधबिना यात्रा गर्न पाएपछि मन्दिर दर्शनका लागि आउने आन्तरिक तथा बाह्य पर्यटक लाभान्वित भएका उनले बताए।

‘यसअघि सुपादेउराली मन्दिरमा पुगेका जो कोहीले चट्टानी भिरमा रहेको साँघुरो र डरलाग्दो सडक सम्झन्थे। त्यही चट्टानी डरलाग्दो भिरमा रहेको साँघुरो सडक फराकिलो बनेपछि मन्दिर आउने धार्मिक पर्यटकलाई सहजता भएको छ,’ उनले भने।

यो खण्डमा कडा चट्टान भएकाले नयाँ प्रविधि ‘रक एन्चोज’ प्रयोगमार्फत ड्रिल गरेर आरसिसी ढलान गरी सडक विस्तार गरिएको सडक डिभिजन कार्यालयका डिभिजन प्रमुख कोइरालाले जानकारी दिए । यसअघि लाहुरेबजारबाट सुपा मन्दिरसम्म सडकको चौडाइ चार दशमलव पाँच मिटर हुँदा यातायात आवागमनमा कठिनाइ हुँदै आएको थियो । सडक डिभिजन शिवपुरले सडक स्तरोन्नति गरी नौ मिटर चौडाइको बनाएको हो।

जिल्ला सदरमुकाम जोड्ने पुरानो र महत्त्वपूर्ण मार्गका रूपमा रहेको गोरुसिङ्गे–सन्धिखर्क खण्डको लाहुरेबजारबाट सुपा मन्दिरसम्म करिब तीन सय मिटर कडा चट्टान र भिरालोका कारण सात्रा सङ्घर्षपूर्ण बनेको थियो। सडक डिभिजन कार्यालय शिवपुरबाट नयाँ प्रविधिको प्रयोग गरी वाल निर्माण गरिएको प्रमुख कोइरालाले उल्लेख गरे।

नेपालको प्रसिद्ध धार्मिकस्थल सुपादेउरालीमा आउने धार्मिक पर्यटकको संख्या वृद्धि गर्न तथा सुपादेउराली आसपासका पर्यटकीय गन्तव्य नरपानीको डाँडाको प्रचारप्रसार हुने अपेक्षा लिइएको मन्दिर संरक्षण समितिका उपाध्यक्ष हरि खनालले बताए। ‘नरपानीडाँडा चिसो हावा र चिसो पानीले प्रशिद्ध छ । यहाँबाट मनमोहक दृश्यहरूसँगै हिमाल देख्न पाइने हुँदा गर्मीयाममा तराईबाट गर्मी छल्न यहाँ पर्यटक आउने गर्छन् । यहाँ भारतबाट आउने पर्यटकको संख्या पनि पछिल्लो समय वृद्धि हुँदै गएको छ,’ उनले भने।

मन्दिरको दर्शन गर्न अर्घाखाँची, कपिलवस्तु, दाङ, प्यूठान, गुल्मी, रुपन्देहीलगायत जिल्लाबाट पर्यटक आउने जनाउँदै भारतको उत्तर प्रदेश, विहारबाट पनि धार्मिक पर्यटक यहाँ आउने गरेका सन्धिखर्क–७ का वडाध्यक्ष चुराबहादुर केसीले बताए।

यहाँ आएका धार्मिक पर्यटकलाई खाँचीकोट हुँदै, एसियाकै सबैभन्दा ठूलो भगवती देवीको मूर्ति रहेको अर्घा भगवती मन्दिर र अर्घा दरबार क्षेत्रसम्म पु¥याउने योजनासहित गरपालिकाले काम अगाडि बढाएको नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले बताए । सुपादेउरालीमा आएका भक्तजनका लागि लक्षित गरेर भौतिक संरचना निर्माण गर्न थालिएको उनले जानकारी दिए

सुपादेउरालीको दर्शन गरेपछि मनले चिताएको पुग्ने धार्मिक विश्वास रहिआएको मन्दिर संरक्षण समितिका उपाध्यक्ष खनालले बताए । कडा चट्टानकाबीच निर्माण भएको सडक र सोही सडकको छेउमा मन्दिर छ । यहाँ आएर राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रमा उच्च पदमा पुगेका व्यक्तिलेसमेत दर्शन गर्छन् । कुनै समस्या आएकामा सुपादेउरालीलाई भाकल गरे समस्या टर्ने विश्वास रहिआएको छ । सोही कारणले यहाँ पाठी, बोका, भाकल गरी बलि चढाउने गरिन्छ। रासस

# फोनबाटै बाढीसम्बन्धी पूर्वसूचना

**काठमाडौँ।**
जल तथा मौसम विज्ञान विभागले बाढीसम्बन्धी पूर्वसूचनालाई थप प्रभावकारी बनाउनका सर्वसाधारणलाई फोन गरेरै जानकारी दिने भएको छ । विभागले यसका लागि ‘भ्वाइस कल’ सेवा शुरू गर्ने तयारी गरेको हो। बाढी आउने खतरा देखिएमा एसएमएसमार्फत सन्देश प्रवाह गर्दै आएको विभागले अबदेखि भने ‘भ्वाइस कल’मार्फत पनि पूर्वसूचना सम्प्रेषण गर्ने तयारी थालेको हो।

विभागका बाढीविद् विनोद पराजुलीले नेपाल टेलिकमसँगको सहकार्यमा विभागले यही सातादेखि परीक्षणका रूपमा ‘भ्वाइस कल’मार्फत सूचना प्रवाह गर्ने तयारी गरिरहेको जानकारी दिए। ‘मोबाइल एसएमएस सबै लक्षित वर्गमा पठाएर बाढीबाट हुने धनजनको क्षति न्यूनीकरण प्रयास गर्दै आएका थियौँ। तर सबै जनताले एसएमएस आएको थाहा नपाउन सक्छन् वा सबैले एसएमएस पढ्न सक्दैनन्,’ उनले भने, ‘त्यसैले फोन नै गरेर सन्देश प्रवाह गर्ने तयारी गरेका हौँ ।’ एकैपटक धेरैलाई ‘भ्वाइस कल’ गर्दा सेवा अवरुद्ध कति हुन्छ ? भन्ने विषयमा थप परीक्षण गर्दैछौँ । यही साता परीक्षण गर्ने तयारीका साथ छलफल भइरहेको छ ।’ पराजुलीका अनुसार बाढीसम्बन्धी पूर्वसूचना उपलब्ध गराएपछि बाढीबाट हुने धनजनको क्षति न्यूनीकरण हुन थालेको छ । पूर्वसूचनालाई थप प्रभावकारी बनाउन पूर्वतयारी तथा पूर्वसूचनामा थप लगानी आवश्यक पर्ने उनको भनाइ छ।

‘पछिल्लो समय पूर्वसूचनाका कारण धनजनको क्षति न्यून भएको छ । पहिला–पहिला तराईमा बाढीका कारण बढी क्षति पुग्थ्यो। पूर्वसूचना प्रणाली पनि तराईका नदीमा जडान भएका छन्,’ पराजुलीले भने, ‘तर पहाड र हिमाली क्षेत्रमा पूर्वसूचना प्रणाली कम छन् । बाढीका घटना पहाड र हिमालमा पनि हुन थालेकाले अब ती क्षेत्रमा पनि पूर्वसूचना प्रणाली जडान गर्न आवश्यक छ।’

जलवायु तथा विपद् व्यवस्थापनविद् डा धर्मराज उप्रेतीले पनि जलवायु परिवर्तनको असरका कारण बाढीको घटना अब तराई केन्द्रित मात्र नभइ हिमाल तथा पहाडी क्षेत्रमा बढ्दै गएको भन्दै सोअनुसार अनुकूलनका कार्यक्रम सञ्चालन गर्न आवश्यक रहेको बताए।

‘बाढीबाट हुने धनजनको क्षति न्यूनीकरण गर्न पूर्वसूचनाको पहुँच अब सबै क्षेत्रमा हुनुपर्छ,’ उनले भने। उप्रेतीका अनुसार जलवायु परिवर्तनका कारण हिमताल फुट्ने जोखिम बढिरहेको छ र जसका कारण एक्कासि बाढी आउँदा धनजनको क्षति हुन थालेको छ । ‘जोखिममा रहेका हिमताल क्षेत्रमा पूर्वसूचना प्रणाली जडान गर्न सकेमा सम्भावित क्षति न्यूनीकरण हुनसक्छ । एसएमएस मात्र नभइ ‘भ्वाइस कल’ ले अझ प्रभावकारी बनाउन सक्छ,’ उनले भने। रासस

# गौरा पर्व भदौ १५ गते

**काठमाडौँ।**
यस वर्षको गौरा पर्व यही भदौ १५ गते मनाइने भएको छ । अठोला पञ्चाङ्गका पञ्चाङ्कार जोतिष डिल्लीराज जोशीद्वारा हस्ताक्षरित आइतबार प्रकाशित विज्ञप्तिमा भदौ १२ देखि शुरू भई १५ गते मुख्य दिनका रुपमा मनाइने जनाइएको हो। विज्ञप्तिमा भनिएको छ, ‘गौरा पर्व पर्वतराज हिमालय पुत्री पार्वतीको कठोर तपस्याले सफलता प्राप्त गरेको सुखद उपलक्ष्यमा वैदिककालदेखि मनाइँदै आएको हाम्रो मौलिक सांस्कृतिक पर्व हो, गौरा पर्वमा व्रतालु नारीहरुको प्रमुख भूमिका रहेको हुन्छ।’

विज्ञप्तिमा उल्लेख भएअनुसार भदौ १२ गते भाद्र शुक्लपक्ष पञ्चमी तिथि बिहान ७:१० बजेसम्म सिंहलग्न र अपराह्न ३:५४ बजेसम्म पञ्चमीतिथि रहेको छ तथा यसैदिन बिरुडा (पञ्च अनाज)भिजाउने बिरुडा पञ्चमी पनि रहेको छ।

यस्तै भदौ १३ गते बिरुडा धुने षष्ठीतिथि साँझ ५:५४ बजेसम्म रहेको छ। यसैदिनमा बिरुडा धुने र नोला(पानीको धारामा) गोरा पुजिने गरिन्छ। भदौ १४ गते गौरा सप्तमी र अमुक्ताभरण सप्तमी साँझ ७:५७ बजेसम्म रहेको छ। यसैदिन गौरा भित्र्याउने, गौरा र दुबधागो पुजन रहेको छ। भदौ १५ गते दुर्वाष्टमी व्रत, गौरा पर्वको मुख्य दिन अठ्वाली अनुराधा नक्षत्र अपराह्न ३:५६ बजेसम्म रहेको जनाइएको छ। अठोला पञ्चाङ्गका अनुसार नयाँ सृष्टि, माया–प्रेमाकर्षण, शान्ति, धैर्यता, पारिवारिक मिलन, सामाजिक–सद्भाव, हर्ष र बन्धुत्वको सन्देश बोकेको यो पर्वमा मनस्विनी, शिवशक्ति माँ गौरीको तपलाई अनुसरण गरी महिला पवित्र रही, चार दिनसम्म निराहार व्रत बसी, गौरी– महेश्वरको प्रतिमा बनाई मङ्गलामुखी बाणी (सगुना) र बिरुडाको प्रसादले इच्छित फल प्राप्तिका लागि गौरी–महेश्वरको ध्यानमग्न भई पूजा–आराधना गर्ने गर्दछन्।

महिलाले यस वर्ष दुबधागो उत्तराभिमुख भई लगाउँदा शुभ रहेको छ। आफ्नो अनुकूलता र चलनअनुसार गोराः सेलाइने (समापन) छ। यसवर्ष गौरा पर्व भाद्र शुक्ल पक्षमा परेको हुँदा नौली गोरिया (नवविवाहिता नारी)ले उज्याली गोराः मा दुबधागो लाउन पाउने हुँदा गौरा पर्व थप उल्लासमय हुनेछ।

विज्ञप्तिमा भनिएको छ, ‘हाम्रा पञ्चतन्मात्राज्ञमा माँ गौरीको कृपादृष्टि बनिरहोस् भन्ने कामना गर्दै, अमूल्य निधि र वैभवका रुपमा रहेका हाम्रा धार्मिक र सांस्कृतिक पर्व हरितालिका तीज, गणेश चतुर्थी, ऋषिपञ्चमी र गौरापर्वको सुखद उपलक्ष्यमा व्रतालु महिला दिदीबहिनी, स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी र दाजुभाइको सुस्वास्थ, सुख, शान्ति र समृद्धिको हृदयतः मङ्गलमय शुभकामना व्यक्त गर्दछौँ।’ रासस

# शृङ्खलाबद्ध हत्याका घटनाले त्रस्त ‘मधेश’





**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश पछिल्लो समय शृङ्खलाबद्ध हत्याका घटनाले त्रस्त छ । साउन महिनामात्रै ९ जनाको हत्या भएको मधेश प्रदेश प्रहरी कार्यालयले उपलब्ध गराएको तथ्यांकमा उल्लेख छ । यसले मधेशको सुरक्षा अवस्था र प्रहरीको भूमिकाबारे गम्भीर प्रश्न उठाएको छ । शनिबार राति रौतहटको गौर नगरपालिका–९ मुडवालगेटस्थित सडकमा सुटकेसभित्र फेला परेको महिलाको शवले फेरि मधेशलाई स्तब्ध बनाएको छ । सुटकेसभित्र सल र डोरीले घाँटी बेरिएको अवस्थामा भेटिएकी महिला रुवीकुमारी साह भएको प्रहरी प्रवक्ता डीएसपी राजु कार्कीले जानकारी दिए । भारतको मुजफ्फरपुरकी २६ वर्षीया साह हाल रौतहटको माधवपट्टीमा डेरा गरी बस्दै आएकी थिइन् । उनको एक चार वर्षीय छोरा छ । यसअघि भदौ ४ मा गौरमै एक युवकको छुरा प्रहार गरी हत्या भएको थियो । गौर नगरपालिका–५ गौरीशंकर कलेज अगाडि २१ वर्षीय सदाबुद्दिन मियाँलाई मनोज रामले गाँजा सेवनको क्रममा विवाद भएपछि हत्या गरेको प्रारम्भिक अनुसन्धानले देखाएको छ । यस्तै, साउन २९ मा सर्लाहीको हरिपूर्वा नगरपालिका–६ मा शिक्षक रामपुकार यादवलाई मोटरसाइकलमा आएका व्यक्तिले गोली हानी हत्या गरे । अनुसन्धानमा संलग्न प्रहरीले उनलाई गोली हान्ने धर्मेन्द्र रायलाई पक्राउ गर्‍यो । रायले वास्तवमा रामपुकारका छोरा सुमितलाई हत्या गर्ने योजना बनाएको तर आकस्मिक परिस्थितिमा बुबामाथि गोली हानेको बयान दिए । उनी यसअघि आफ्नै श्रीमती र बुवामाथि गोली प्रहार गरी फरार थिए । सिरहाको धनगढीमाई नगरपालिका–११ आमचौकमा ८५ वर्षीय फनिलाल यादवलाई साउन १४ मा धारिलो हतियार प्रहार गरी हत्या गरियो । अनुसन्धानले लागुऔषध सेवनकर्ताद्वारा चोरी गर्ने उद्देश्यले प्रवेश गर्दा हत्या भएको देखायो । त्यसैगरी, साउन ४ मा जनकपुरधामको होटल एसपी एण्ड गेस्टहाउसमा विमलेश यादवको हत्या भएको थियो । आरोपमा महोत्तरी बलवाकी २४ वर्षीया जुली झा पक्राउ परिन् । उनीहरूबीच लामो समयदेखि शारीरिक सम्बन्ध रहेको र ब्ल्याकमेलको कारण विवाद चर्किएर हत्या भएको अनुसन्धानले देखायो । मधेश प्रदेश प्रहरी कार्यालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०८१/०८२ मा ९९ जनाको हत्या भएको छ । त्यसमा ५३ पुरुष, ३६ महिला, ५ बालक र ६ बालिका छन् । जसमध्ये सबैभन्दा बढी हत्या धनुषामा १७ जना, सर्लाहीमा १४, महोत्तरीमा १३, सप्तरी र बारामा १२–१२, रौतहटमा ११, सिरहा र पर्सामा १०–१० जनाको हत्या भएको छ । हत्या हुनेमा १८ देखि ४५ वर्ष उमेर समूहका ६३ जना छन् । सक्रिय उमेरका मानिस बढी निशाना बनेको देखाउँछ । तुलनात्मक रूपमा विगत वर्षहरूमा हत्या केही घटेको देखिए पनि घटनाको स्वरूप भने बदलिएको छ । पहिला जग्गा वा घरायसी विवाद प्रमुख कारण बन्थे । तर, अहिले लागुऔषध, सामाजिक सञ्जालमार्फत बनेका सम्बन्ध र आकस्मिक विवाद प्रमुख कारण देखिन्छ । मधेश प्रदेश प्रहरी प्रमुख डीआईजी उमाप्रसाद चतुर्वेदी भन्छन्, ‘पहिला पैसा दिएर योजनाबद्ध हत्या हुन्थ्यो, अहिले भने आवेशमा, बदलाको भावनाले प्रेरित भएर हत्या गर्ने प्रवृत्ति बढेको छ ।’ अधिकारीहरूका अनुसार सामाजिक सञ्जालले अनैतिक सम्बन्ध, ब्ल्याकमेल र आपसी अविश्वासलाई बढाएको छ । लागुऔषध सेवनले विवादलाई हिंसामा परिणत गर्ने घटना सामान्य बन्दै गएको छ । पूर्वएआईजी लालमणि आचार्यका अनुसार, ‘साना–साना कारणले जघन्य अपराध भइरहेका छन् । सामाजिक सञ्जालको दुरुपयोग मुख्य कारक बनेको छ ।’ मधेशमा बढ्दो अपराधसँगै प्रहरीको भूमिकामाथि पनि प्रश्न उठेको छ । भारतसँगको खुला सीमा, तस्करी र आपराधिक गतिविधिमा प्रहरीको संलग्नता वा मौनताले असन्तुष्टि बढाएको छ । प्रहरी अपराधीको संरक्षण गर्ने, पीडितलाई न्याय दिलाउन ढिलाइ गर्ने र राजनीतिक नेताको दबाबमा काम गर्ने आरोप स्थानीयले लगाउँदै आएका छन् । गत ३० साउनमा मधेश प्रदेश प्रहरी कार्यालय उद्घाटन समारोहमा प्रधानमन्त्री केपी शर्मा ओलीले समेत प्रहरीको कामप्रति असन्तुष्टि जनाउँदै लागुऔषध नियन्त्रण, राजश्व संकलन र अपराध नियन्त्रणमा कमजोरी रहेको बताएका थिए । डीआईजी चतुर्वेदीका अनुसार गत वर्ष प्रहरीको लक्ष्य ४ हजार जनचेतनामूलक कार्यक्रम गर्ने थियो । तर, वास्तवमा १० हजारभन्दा बढी सचेतना कार्यक्रम सञ्चालन गरिएको छ । तर पूर्वएआईजी आचार्यको सुझाव फरक छ । उनी भन्छन्, ‘प्रहरीले मात्र नभई संघसंस्था, समाज, आमनागरिक सबैले अपराध न्यूनीकरणमा भूमिका खेल्नुपर्छ । कारण र कारक तत्व पहिचान गरेर सचेतना अभियानलाई तल्लो तहसम्म पुर्‍याउन सके नियन्त्रण सम्भव छ ।’

# जनकपुरधाममा जसपाको विरोध प्रदर्शन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
रौतहटको चर्चित गौर हत्याकाण्डमा सर्वोच्च अदालतले अनुसन्धान अघि बढाउन आदेश दिएपछि जनता समाजवादी पार्टी जसपा नेपालले विरोध प्रदर्शन गरेको छ । आइतबार जनकपुरधाममा जसपाका नेता–कार्यकर्ताहरूले सडकमा उत्रिएर सर्वोच्चको आदेशप्रति असन्तुष्टि जनाएका हुन् । विरोधसभामा सहभागी कार्यकर्ताहरूले पार्टी अध्यक्ष उपेन्द्र यादवलाई मुद्दामा तान्ने प्रयास गरिएको भन्दै नाराबाजी गरेका थिए । उनीहरूले सर्वोच्चको आदेशलाई ‘राजनीतिक प्रतिशोधपूर्ण कदम’ को संज्ञा दिँदै निष्पक्ष अनुसन्धानको नाममा मधेश आन्दोलनका नेतृत्वकर्ताहरूलाई फसाउन खोजिएको दाबी गरे । विरोध कार्यक्रममा जसपाका स्थानीय नेता–कार्यकर्ताहरू ठूलो संख्यामा उपस्थित भएका थिए । प्रदर्शनका क्रममा केहीबेर जनकपुरधामको मुख्य बजार क्षेत्रको यातायात समेत अवरुद्ध भएको थियो । गौरमा २०६४ साल चैत ७ गते भएको घटनामा २७ जनाको ज्यान गएको थियो । यसअघि मुद्दा विभिन्न चरणमा अदालतमा विचाराधीन रहे पनि सर्वोच्चले हालै पुनः अनुसन्धान अघि बढाउन परमादेश जारी गरेको छ । अदालतको आदेशले जसपा नेपाल मात्र नभई मधेश आन्दोलनमा संलग्न विभिन्न पक्षलाई समेत चासो बढाएको छ । विरोध कार्यक्रममा जसपाका नेताहरूले गौर घटनालाई राजनीतिक घटनाक्रमको रूपमा बुझ्नुपर्ने भन्दै त्यसलाई आपराधिक ढंगले चित्रण गर्न खोजिनु मधेश आन्दोलनको अपमान भएको टिप्पणी गरे । उनीहरूले आन्दोलनका सहिदहरूको योगदानलाई सम्मान गर्नुपर्ने बेला उल्टै आन्दोलनकारीहरूलाई फसाउन खोजिनु दुर्भाग्यपूर्ण रहेको बताए । यसैबीच, सर्वोच्चको आदेशपछि गौर हत्याकाण्ड पुनः राष्ट्रिय राजनीतिक बहसको केन्द्रमा आएको छ । जसपाले आन्दोलनलाई अझ तीव्र पार्ने चेतावनी समेत दिएको छ ।



# काठमाडौंमा मधेशका उखु किसानको विरोध



**मधेशदृष्टि**
**काठमाडौं ।**
सरकारले प्रतिक्विन्टल ७० रुपैयाँ तोकिएको उखुमा दिँदै आएको अनुदान रकम आधा घटाएर ३५ रुपैयाँ मात्र दिने निर्णय गरेपछि तराई–मधेशका किसानहरू आन्दोलित बनेका छन् । सरकारको निर्णयविरुद्ध असन्तुष्टि जनाउँदै किसानहरूले आइतबार काठमाडौंमा व्यापक प्रदर्शन गरेका हुन् । उखु उत्पादक महासंघको नेतृत्वमा काठमाडौं आएका किसानहरूले गौशालाबाट नारा जुलुससहित माइतीघर मण्डला हुँदै बानेश्वर चोकमा प्रदर्शन गरे । उनीहरूले ‘सरकारले दिएको वाचा पूरा गर’, ‘किसानलाई न्याय दे’ जस्ता नारा लगाउँदै सरकारले प्रतिक्विन्टल ७० रुपैयाँको दरमा तत्काल अनुदान भुक्तानी गर्नुपर्ने माग राखे । महासंघका संयोजक श्यामबाबु रायले चिनी उद्योगहरूले किसानलाई दिने तोकिएको प्रतिक्विन्टल ५८५ रुपैयाँ भुक्तानी गरिसकेको भए पनि सरकारले वाचा गरेको अनुदान अझै नपाएको गुनासो गरे । उनले भने, ‘राज्य आफैंले उखुको मूल्य निर्धारण गर्छ, किसानलाई भरोसा दिलाउँछ, तर जब पैसा दिने बेला आउँछ, मनोमानी ढंगले कटौती गर्छ । यो किसानमाथि नाइन्साफी हो ।’ उनका अनुसार आन्दोलनमा कोशीदेखि सुदूरपश्चिमसम्मका किसानहरूको सहभागिता छ । विशेषगरी सिरहा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा र नवलपरासीका करिब ५०० देखि ६०० किसान काठमाडौंमा प्रदर्शनमा सहभागी भएका थिए । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले गत वर्षकै दरअनुसार प्रतिक्विन्टल ७० रुपैयाँ अनुदान दिने प्रस्ताव मन्त्रिपरिषदमा पेश गरेको थियो ।

तर, मन्त्रालयको प्रस्ताव मन्त्रिपरिषद्ले अस्वीकृत गर्दै रकम कटौती गरी ३५ रुपैयाँमा सीमित गर्ने निर्णय गरेको हो । मन्त्रालयका अधिकारीहरूले बजेट अभाव र स्रोत व्यवस्थापनमा कठिनाइ भएको कारण देखाउँदै अनुदान कटौती गरिएको दाबी गरेका छन् । तर, किसानहरूले भने सरकारको तर्क अस्वीकार गर्दै बजेट अभावको नाममा किसानमाथि अन्याय गरिएको बताएका छन् । संयोजक रायले भने, ‘सरकारले उखुको भाउ तोकेर किसानलाई उद्योगसँग उत्पादन बिक्री गर्न बाध्य पार्छ । तर, जब प्रत्यक्ष राहत दिने बेला आउँछ, किसानलाई धोका दिन्छ । यसरी हामी किसान मरिरहेका छौं । तर, राज्यले बेवास्ता गरिरहेको छ ।’

आर्थिक वर्ष २०८१/८२ मा देशका १३ वटा चिनी उद्योगमा किसानहरूले करिब २ करोड १५ लाख क्विन्टल उखु बिक्री गरेका थिए । यसअनुसार सरकारले किसानलाई करिब १ अर्ब ६० करोड रुपैयाँ भुक्तानी दिन बाँकी छ ।

तर, अनुदान घटाइएपछि किसानहरूले पाउने रकम पनि आधा कम हुने भएको छ । किसानहरूले सरकारले तत्काल ७० रुपैयाँ दरको अनुदान उपलब्ध गराउनुपर्ने माग दोहोर्‍याउँदै आन्दोलन अझ तीव्र पार्ने चेतावनी दिएका छन् । आन्दोलनकारीहरूले यदि सरकार गम्भीर नभए चिनी मिल आपूर्ति रोकेर जनतालाई समेत सडकमै उतार्ने चेतावनी दिएका छन् ।

# शहीद परिवारको निःशुल्क स्वास्थ्य बीमा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले मधेशी शहीद प्रतिष्ठानमार्फत शहीद परिवारका लागि निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गरेपछि हालसम्म १४० शहीद परिवार प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् । मधेशी शहीद प्रतिष्ठानका अध्यक्ष इन्जिनियर शुभम् यादवका अनुसार मधेश आन्दोलन र माओवादी सशस्त्र विद्रोहका क्रममा सहादत प्राप्त गरेका शहीद परिवारलाई सबुत–प्रमाणका आधारमा स्वास्थ्य बीमा प्रदान गर्ने कार्यलाई निरन्तरता दिइएको छ । यसअघि मधेश आन्दोलनका शहीद परिवारलाई उपचारमा सहजता होस् भन्ने उद्देश्यले ५–५ जना सदस्यको स्वास्थ्य बीमा गरिएको थियो ।

हाल भने यस कार्यक्रमलाई विस्तार गर्दै माओवादी विद्रोह र मधेश आन्दोलन दुवैका क्रममा शहादत प्राप्त परिवारलाई लक्षित गरिएको छ । प्रतिष्ठानले आगामी दिनमा १ हजार ६ जना शहीद परिवार र आन्दोलनमा घाइते तथा अङ्गभङ्ग भएका १६४ जनाको स्वास्थ्य बीमा गर्ने लक्ष्य लिइएको छ । शहीद परिवारका सदस्यहरूको बीमा प्रीमियम प्रदेश सरकारले व्यहोर्दै आएको छ । मधेश प्रदेश सरकारले प्रतिष्ठानमार्फत प्रत्येक शहीद परिवारको पाँच सदस्यसम्मको बीमा शुल्क ३ हजार ५ सय रुपैयाँ एकमुष्ट रूपमा भुक्तानी गरिरहेको छ । पाँच भन्दा बढी सदस्य भएमा अतिरिक्त रकम परिवारले स्वयं बीमा कम्पनीलाई बुझाउनुपर्ने व्यवस्था गरिएको छ । अध्यक्ष यादवका अनुसार शहीद परिवारको आर्थिक अवस्थालाई मध्यनजर गर्दै शुरु गरिएको यो कार्यक्रमले स्वास्थ्य उपचारमा ठूलो सहजता पुर्‍याएको छ ।

महोत्तरी जिल्ला प्रशासन कार्यालयमा कम्प्युटर अपरेटरका रूपमा कार्यरत शहीद परिवारकी सदस्य मिना पौडेलले बीमा कार्यक्रमकै कारण आँखाको उपचार सहज भएको अनुभव सुनाइन् । आर्थिक रूपमा कमजोर पारिवारिक अवस्थाले उपचारमा समस्या हुने परिस्थितिमा बीमाले ठूलो राहत पुगेको उनको भनाइ छ । मधेश आन्दोलन र माओवादी विद्रोहका क्रममा ज्यान गुमाउने वा घाइते हुने परिवारको दीर्घकालीन हकहित सुनिश्चित गर्न २०८०÷८१ सालदेखि स्वास्थ्य बीमा कार्यक्रम अघि सारिएको हो । प्रतिष्ठानले यसलाई दीर्घकालीन योजनाका रूपमा अगाडि बढाउने जनाएको छ । मधेश प्रदेश सरकारले शुरु गरेको यो कार्यक्रम नेपालमै शहीद परिवारका लागि प्रदेशस्तरीय निःशुल्क स्वास्थ्य बीमाको पहिलो उदाहरणका रूपमा लिइएको छ । शहीद परिवारका प्रतिनिधिहरूले यसलाई न्यायोचित र जीवनोपयोगी निर्णय भन्दै कार्यक्रमलाई थप प्रभावकारी बनाउन आग्रह गरेका छन् ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन